# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

devendrachudal@gmail.com

वर्ष : ३६ / अंक : ३५ / २०७५ चैत २९ गते शुक्रबार / 12 Apr., 2019 / मूल्य रु. १०/-


## संवैधानिक आयोगहरू देखावटी मात्र

काठमाडौ । संविधानमा उल्लेख भएनुसार सबै सम्वैधानिक आयोगहरूलाई अधिकार सम्पन्न बनाउने भनिएपनि त्यस्ता आयोगहरू कमजोर बन्दै गएका छन् । दलित आयोग, मुस्लिम, जनजाति, समावेशी, थारू आयोग, मधेशी आयोग र महिला आयोग २०७२ सालमा निर्माण गरिएको संविधानले व्यवस्था गरिएका सम्वैधानिक आयोगहरू हुन् । पछिल्लो समय त्यस्ता आयोगहरू गठन हुन नपाउँदै सरकारकै कारण त्यस्ता आयोगहरू कमजोर बनेका छन् । कतिपय आयोगका अध्यक्षहरू नियुक्त भएपनि अन्य सदस्यहरू नियुक्त भएका छैनन् भने केही आयोगमा अध्यक्ष सहित सदस्यहरू नै नियुक्त हुन सकेका छैनन् । नियुक्त भएका अध्यक्षहरू समेत कसरी काम गर्ने भन्ने विषयमा अलमलमा परेका छन् । यस्ता सबै आयोगहरू भर्खरै मात्र गठन भएका छन् भने

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanonline.com.np मा पनि पढ्न सकिन्छ ।

## संवैधानिक अधिकार प्रयोग गर्दा लाठी प्रहार

काठमाडौ । संविधानले अपरिवर्तनीय भनेका विषयहरूमा राष्ट्र, राष्ट्रिय अखण्डता र जनतामा निहित सार्वभौमसत्ता बाहेक अन्य सबैकुरा जनताले चाहेको खण्डमा परिवर्तन हुन सक्ने ग्यारेन्टी संविधानले नै दिएको छ । तर त्यही संविधानले दिएको अधिकार प्रयोग गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा कार्यकर्ताहरू माथि सोमबार प्रहरीले अन्धाधुन्द लाठी प्रहार र पानीको फोहरा प्रहार गरी संविधानको व्यवस्थालाई ठाडो

>>> बाँकी ८ पेजमा

## अख्तियार यो भ्रष्टाचार होइन र ?

काठमाडौं । निर्वाचन आयोगका आयुक्तहरूले आयोगको ढोका अगाडिको होटल यलो पगोडाको कार्यक्रममा जाँदासमेत २ हजार टेक्सी खर्च लिएछन् । रौंचिरा केलाउने हो भने निर्वाचन आयोगभित्र करोडभन्दा बढीको यस्ता फुर्मासे खर्चहरू जो गर्दै नगरी बिल बनाएर हजम गरेका छन् भन्ने कुरा निर्वाचन आयोगका कर्मचारी नै बताउँछन् ।

प्रधानमन्त्री कतै भ्रष्टाचारको गन्धमात्र आयो भने सहन्न भनेर भाषण ठोक्ने, निर्वाचन आयोगका आयुक्तदेखि कर्मचारीसम्मले हाइसन्चो यसरी लुटिरहने । यो भ्रष्टाचार होइन है अख्तियार, यता हेर्नु पर्दैन ?

हेर्दा सानो तर भ्रष्टाचार कसरी फैलिएको छ भन्ने नमूना हो यो ।

### प्रधानमन्त्रीज्यु के तपाई अभिभावक बन्न सक्नुभयो त ?

# मुलुक असफलताको मार्गतर्फ उन्मुख

काठमाडौ । विगत १४ महिनादेखि नेपाल कम्युनिष्ट पार्टीका दुई अध्यक्षमध्येका एक अध्यक्ष केपी ओली नेतृत्वको सरकार रहेको छ । तर सरकारले जनताको चाहनानुसार काम गर्न नसकिरहेको सत्ताधारी पार्टीकै नेताहरूले आरोप लगाईरहेका छन् । झण्डै दुई तिहाई भन्दा बढकिो ओली नेतृत्वको सरकारले जनताको चाहनाअनुसारको काम गर्न नसक्नुको पछाडि के कस्ता अवरोधहरू रहेका छन् ? अब सरकारले त्यसको खोजी गर्नुपर्ने बेला आएको छ । पछिल्लो समयमा सरकारालई सत्ताबाहिरै रहेर समर्थन गरिरहेको राष्ट्रिय जनता पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । उसले सरकारलाई दिएको समर्थन फिर्ता लिएपनि सरकार सञ्चालनमा प्रधानमन्त्री ओलीलाई कुनै कठिनाई देखिँदैन । राष्ट्रिय जनता पार्टीले सरकारलाई समर्थन दिनु अघि विभिन्न



माग अघि सारेको थियो । उसको माग अनुसार नै जेलमा रहेका रेशमलाल चौधरीलाई प्रतिनिधिसभाको सांसदको सपथ दिलाइएको छ भने कैलाली जिल्ला अदालतले चौधरीसहित अन्य केहीलाई सर्वस्वसहित जन्मकैदको फैसला समेत गरेको छ । चौधरीका विषयमा जिल्ला अदालत कैलालीले गरेको निर्णय अन्तिम होइन अब चौधरीसहितका अन्यले उच्च अदालत हुँदै सर्बोच्च अदालतमा समेत पुग्न सक्ने सम्वैधानिक बाटो रहेको छ ।

ओली सरकारका पछिल्ला काम कारबाहीका हेर्दा लाग्छ दुई तिहाईभन्दा बढीको समर्थन प्राप्त सरकार पनि असफलताको मार्गतर्फ नै उन्मुख हुँदै गएको छ । सम्वैधानिक आयोगहरूमा सम्वैधानिक परिषद्ले नियुक्तिका लागि गरेका सिफारिसहरूसमेत विवादमुक्त हुन सकेनन् । त्यसैगरी न्याय परिषद्ले सर्बोच्चसहित उच्च अदालतका लागि न्यायाधिसहरूको सिफारिस गर्दा त्यहाँ समेत कार्यपालिकाका प्रमुखको प्रभाव परेको पूर्व न्यायाधिशहरू र वरिष्ठ

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्रीलाई झुक्याइयो रे वा !

काठमाडौ । नेपाल कम्युनिष्ट पार्टीका दुई अध्यक्षमध्येका एक अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी ओलीले चिनी व्यापारीहरूले आफूलाई झुक्याएको बताएका छन् । स्वदेशी चिनी उद्योगलाई प्रवर्द्धन एवं प्रोत्साहनको नाममा चिनी व्यापारीहरूकै जोडवलमा वार्षिक १ लाख मेट्रिकटन भन्दा बढी चिनी आयातमा प्रतिबन्ध लगाएको करिब आठ महिनापछि प्रधानमन्त्रीले आफूलाई चिनी व्यापारीहरूले झुक्याएको बताउँदै चिनी व्यापारीहरूप्रति असन्तुष्टि समेत पोखेका छन् ।

प्रधानमन्त्रीले ओलीले उक्त कुरा नेपाल उद्योग परिसंघको साधारणसभाको उद्घाटन गर्दै सोमबार बताएका हुन् । प्रधानमन्त्रीले त्यस अवसरमा भने चिनी व्यापारीहरूले अर्को सालमा पनि चिनी बेच्न नसक्ने गरी चिनीको स्टक भएको भन्दै पाकिस्तान लगायत अन्य मुलुकबाट आयात हुने चिनी रोकिदिनुपर्‍यो भनेपछि सरकारले चिनी आयात रोकिदिएको भोलिपल्ट देखि बजारमा चिनी छैन । चिनी व्यवसायीहरूले थन्क्याएको चिनी बजार मूल्य ६५ रूपैंया भएपनि ५३/५४ बेचिरहेको भन्दै आयात रोकिदिन अनुरोध गरेकाले आयात रोकिएको बताएका थिए । तर पछि चिनी व्यापारीहरूले चिनी ८५ रूपैंयामा चिनी बेच्न थाल्नुभयो त्यो पनि नपाएर १०५ रूपैंयामा चिनी विक्रि वितरण गर्नुभयो प्रधानमन्त्रीले गत दशैं अघिको कुरा भन्दै अब ठगी धन्दा बन्द गर्न समेत उद्योगी व्यवसायीहरूलाई आग्रह गर्नुभएको थियो ।

पछिल्लो समयमा प्रधानमन्त्रीकै पार्टीका केही सांसदहरू र चिनी उत्पादक संघका अध्यक्ष एवं एभरेष्ट चिनी उद्योगका मालिक शशीकान्त अग्रवाल र सांसद मोतीलाल दुगड प्रधानमन्त्रीलाई झुक्याएर आफ्नो धन्दा चलाईरहेका छन् । दुगड त प्रायः प्रधानमन्त्री सँगै रहने गरेका छन् । दुगड तिनै व्यापारी हुन् जसले कुनै समयमा जिराको मूल्य १ सय ५० प्रतिकिलो रहँदा उनको सेञ्चुरी मसलाको प्याकेट प्रतिप्याकेट ८० रूपैंयामा बेच्ने गर्दथे प्याकेट १२० ग्रामको हुन्थ्यो । अहिले तिनै दुगड तत्कालिन नेकपा एमालेबाट समानुपातिक कोटाबाट सांसद बनेका छन् । सांसद पदको दुरूपयोग गर्दै उनले विभिन्न गैरकानुनी धन्दा समेत चलाइरहेको मोरङ्गका उद्योगी व्यापारीहरूले नै बताउन थालेका छन् । १५/२० वर्ष अगाडिसम्म मसला र तेलको व्यापार गर्ने दुगडले १५/२० वर्षमा कसरी अबौं सम्पत्ति कमाए त ? उद्योगी व्यवसायीहरूले नै प्रश्न गर्न थालेका छन् । आफू प्रधानमन्त्री निकट रहेको भन्दै उनले नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ मर्ज भएर गठन

>>> बाँकी ८ पेजमा

## मारवाडीलाई मधेसको माननीय चाहियो

काठमाडौं । राजधानी, पर्सा, झापा, मोरङ, रूपन्देही, बाँके अर्थात मुख्य मुख्य भन्सार नाकाहरूमा बसेका मारवाडीहरूको भेलाले मारवाडीलाई मधेशको कोटा कसरी मिल्छ र सांसद हुन पाइन्छ भन्ने चिन्ताले सताउन थालेको छ । हालै राजधानीमा मारवाडीहरूको गोप्य बैठकले नेकपा र कांग्रेसलाई मारवाडीका लागि मधेशको कोटामा पार्न आग्रह गर्ने मतो मिलाएका छन् ।

हुन पनि पार्टीहरूलाई चन्दा दिने यिनै हुन् । यिनका कुरा ठूला पार्टीले कसरी नजरअन्दाज गर्न सक्लान् र ?

मधेशको विकासमा भन्दा पनि व्यापारको सफलताका लागि सधैं लागिरहेका मारवाडी समुदायले अव मधेशको राजनीतिक हिस्सा खोज्न थालेका छन् । व्यापारी समुदायमा यो नयाँ कुरो हो ।

## खोक्रो राष्ट्रवादको रहस्य

काठमाडौ । गृह मन्त्रालयले चैत्र १९ गते ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा एक परिपत्र पठाउँदै जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरूका सन्तानलाई वंशजको नागरिकता दिन परिपत्र गरेको थियो । तर सर्बोच्च अदालतले जन्मका आधारमा नेपाली नागरिकता लिएका नागरिकका सन्तानलाई बंशजको आधारमा नेपाली नागरिकता दिने गृह मन्त्रालयको परिपत्र तत्काल कार्यान्वयन नगर्न आदेश दिएको छ ।

सर्बोच्च अदालतका न्यायाधिश पुरूषोत्तम भण्डारीको एकल इजलासले गृह मन्त्रालयको परिपत्र यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको छ । आदेशमा नागरिकता ऐन संघीय संसदमा संशोधन क्रममा रहेकोले गृह मन्त्रालयको त्यस सम्बन्धी पत्र यथास्थितिमा राख्न आदेश भएको छ । गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा एक परिपत्र गरी



जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई कानुन बमोजिम बंशजको नागरिकता दिने निर्णय कार्यान्वयन गर्न निर्देशन जारी गरेको थियो । गृहको निर्देशन अनुसार प्रायः सबै जिल्ला प्रशासन

>>> बाँकी ८ पेजमा

## पौडेलको भ्रष्टाचार

काठमाडौं । बालुवाटारको सरकारी जग्गा हिनामिना, एनसेललाई उन्मुक्ति दिएका र ठूला व्यापारीको भ्याट छलीमा छानबिन गराउन पर्दैन भनेर उन्मुक्ति दिने नेता विष्णु पौडेल प्रचण्ड र ओली दुबैका प्यारामात्र होइनन्, भावी उत्तराधिकारीका रूपमा समेत आफूलाई प्रभावशाली बनाउँदै गएका नेता हुन् ।

यति नै बेला बालुवाटारमा सरकारी जग्गा उनले दर्ता गराएको काण्डको खुलासा भएपछि र ओली सरकारले उनलाई कारवाही गर्ने छाँटछन्द नदेखाएपछि सामाजिक सञ्जालमा यस्तो रमाइलो व्यङ्ग आउन थालेका छन्– –कुना परेको, मोहोडा मिलेको, मुलबाटो पट्टी फर्केको, चारपाटे रूमालजस्तो चट्ट परेको घडेरीहरू टुँडिखेलमा प्लटिंग गरेर बिक्री वितरण गरिँदैछ । ईच्छुकहरूले तुरून्त बिक्री प्रमुख ठिष्णु दौडेललाई सम्पर्क गर्नुहोला ।'

यतिसम्मको आलोचना भइसक्दा पनि सरकारले सरकारी जग्गा हिनामिना बारे छानबिन गराउने साहस गरेन ।

## सांसद मोतिलाल दुगड ट्वाँ

काठमाडौ । सरकारले नेपाल खाद्य संस्थान र साविकको नेशनल ट्रेडिङ कम्पनीलाई गाभेर राष्ट्रिय आपूर्ति कम्पनी बनाउने निर्णय गरेपनि पछिल्लो समयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशन अनुसार राष्ट्रिय आपूर्ति कम्पनीको नाम बदलेर अब खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बनाउने भएको छ । मर्जमा परेको नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडलाई एकीकृत गरी अब खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बनाउने अन्तिम तयारीमा सरकार पुगेको छ ।

सरकारले नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडलाई गाभेर राष्ट्रिय आपूर्ति कम्पनी बनाउने निर्णय गरेपश्चात् नेपाल कम्युनिष्ट पार्टीका सांसद मोतिलाल दुगड त्यस्तो कम्पनी सरकारले बनाउन नहुने भन्दै निजी क्षेत्रका उद्योगी व्यापारीहरूलाई नै खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडले गर्दै आएको कामको जिम्मेवारी दिनुपर्ने भन्दै प्रधानमन्त्री केपी ओलीलाई त्यसको जिम्मा आफूलाई दिन माग गरिरहेका थिए । सांसद दुगडको माग अनुसार सरकारले उनलाई व्यवस्थापनको जिम्मा दिएको भए दुगड एकैपटक अबौं सम्पत्तिका मालिक बन्न सक्थे दुगडको आँखा खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडको नाममा मुलुकभरमा रहेको जग्गामा परेको थियो । दुवै संस्थाको नाममा मुलुकभरमै बहुमुल्य जग्गा भएकाले त्यो जग्गा हडप्ने दाउमा सांसद दुगड लागेको भएपनि उनको प्रयास असफल सावित भएपछि यतिबेला उनी प्रधानमन्त्री ओलीसँग रूष्ट बनेका छन् । सामान्य मसला व्यापारी रहेका



दुगडले तत्कालिन नेकपा एमालेलाई ठुलो धनराशी दिएर समानुपातिक सांसद पद नै खरिद गरेका थिए । विराटनगरमा ह्यारिसन होटल खोलेका दुगडले ओली पहिलो पटक प्रधानमन्त्री बनेको बेला ओलीबाटै होटलको उद्घाटन गराएका थिए । प्रधानमन्त्री ओली र दुगडलाई भेट गराउने कार्यमा मोरङ्गका तत्कालिन नेकपा एमालेका नेताहरूले भूमिका खेलेको भएपनि पछिल्लो समयमा दुगडले प्रधानमन्त्री ओलीलाई नै आफ्नो प्रभावमा पारि प्रत्येक दिन प्रधानमन्त्री निवास बालुवाटारमा मात्र पुग्ने गरेका थिएनन् उनले खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेड मर्ज गरेर बन्न लागेको कम्पनीको जिम्मेवारी आफूलाई दिन प्रधानमन्त्रीसँग आग्रह गरेको भएपनि उनको त्यो प्रयास असफल भएपछि

>>> बाँकी ८ पेजमा

# A return to dialogue for regional peace

**Ali**

The vision of shared regional prosperity is undoubtedly linked to peace and security in the South Asian region – especially in Afghanistan, which has become the epicentre of terrorism that has a spillover effect on neighbouring countries like Pakistan.

Viewed in this context, the renewal of the dialogue between Pakistan and Afghanistan comes as a welcome development. This is because dialogue and continued engagement are essential ingredients to resolve conflicts and remove any kinks in bilateral relations.

For Pakistan, which has suffered the most in the war on terror and is still struggling to overcome its effect, peace in Afghanistan is an utmost necessity to ensure stability within its own territory. It is the realisation of this reality that underlines the efforts being made by Pakistan to promote the Afghan-owned process of reconciliation in the war-torn country and strengthens its credentials as an honest partner in the war on terror – notwithstanding perceptions within the US administration that are to the contrary. Prime Minister Shahid Khaqan Abbasi's visit to Afghanistan on April 5 on Afghan President Ashraf Ghani's invitation reflected this commitment and honesty of purpose.

Both leaders reportedly discussed a whole gamut of issues pertaining to bilateral relations, including peace and reconciliation in Afghanistan; counterterrorism; the return of Afghan refugees; regional connectivity; and bilateral trade. Both sides agreed that peace, prosperity and stability within Pakistan and Afghanistan are interlinked. Abbasi and Ghani also reaffirmed their commitment to regional connectivity –just as they had done in Herat on February 23, 2018 when they jointly inaugurated the TAPI Gas Pipeline.

Another outcome of the bilateral parleys included an agreement to revive the Afghanistan-Pakistan Action Plan for Peace and Solidarity (APAPPS), which provided a broad-based and structured engagement on all issues of mutual interests. Other developments from the meeting included the decision to convene the Joint Economic Commission earlier than expected; implement key rail, road, gas pipeline and energy projects to integrate Pakistan and Afghanistan with Central Asia; and move forward on the Chaman-Kandahar-Herat railway line, the Peshawar-Kabul Motorway and other connectivity projects that can help realise the potential of the South and Central Asian regions by providing the shortest access through the seaports of Gwadar and Karachi.

The talks also laid emphasis on the early completion of TAPI and CASA-1000 projects and renewed the call to the Taliban to respond positively to the peace offer and join the peace process without delay. Both Abbasi and Ghani acknowledged that terrorism was a common threat. They highlighted the need to not allow their respective countries to be used for anti-state activities against each other.

The most important consensus reached during the talks was that the Afghan conflict could not be resolved only through military might and a political solution was the best way forward. Pakistan had maintained this stance on the policy announced by US President Trump on Afghanistan and South Asia. Afghanistan is now endorsing this stance and has made a radical departure from its earlier approach when it completely agreed with Trump's initiative.

Although no major breakthrough occurred during the meeting, the mere fact that both Pakistan and Afghanistan recognised the importance of dialogue to resolve contentious issues is in itself a positive move. We have seen similar initiatives in the past as well. Unfortunately, no credible headway could be made to achieve the desired objectives and the relations between both countries have been mired in an ambience of mistrust and mutual blame games.

No one will take issue with the fact that peace in Pakistan is linked to peace in Afghanistan. Pakistan is the last country to perpetuate this conflict with its neighbour. Peace in Afghanistan is also crucial to regional connectivity and the success of CPEC, an initiative that Pakistan has high stakes in. Any view that suggests the opposite negates the ground realities. America's suspicion regarding Pakistan reflects the country's inability to understand the complexities of the situation and its impulsive need to find a fall guy for its failures in Afghanistan even after 16 years of warfare.

Although Afghanistan and Pakistan have an abiding interest in ending the war in Afghanistan and consider terrorism to be their common enemy, peace in the region will only be possible when the US acknowledges the ground realities and adjusts its policies accordingly.

The reality is that the government in Afghanistan is not in a position to take any major decisions without a nod of approval from the US. The policy announced by Trump on Afghanistan and South Asia is a perfect recipe for aggravating the conflict in Afghanistan. This has become evident from the ever-increasing incidents of terrorism in Afghanistan since the new policy was unveiled. Therefore, a great deal depends on changes in the US policy and the sincerity of purpose in finding an amicable and lasting solution to the Afghan conundrum.

The US is not sincere in its efforts to find a solution to the Afghan war. Notwithstanding its expressed commitment to withdraw troops from Afghanistan, the US will not be willing to leave the country. This will keep the situation in Afghanistan fluid and enable America to foment instability in the region to achieve its strategic interests. Many intellectuals, security experts and analysts have pushed this narrative for a long time. Many Afghan leaders – including former president Hamid Karzai – believe that the IS is operating in Afghanistan with America's blessings. Some international analysts have also held the US responsible for the emergence of Daesh in the war-torn country.

America's attempts to destabilise the region are an important ingredient of its global politics through which it desires to obstruct China's emergence as an economic and military power. It has found an ally in India to further its strategic interests and check China's burgeoning influence in the region and beyond. In connivance with India, the US will go to any extent to sabotage CPEC – a major initiative that could help China become a superpower in the near future.

In current scenario India should also need to give positive gesture to Pakistan for starting of long adjournment dialogue process because it is not only in the interest of both countries but also for the regional peace and prosperity. The moratorium of dialogue process is only promoting the extremism in India which is detrimental to internal security of India.

नक्कली बैंक ग्यारेन्टी

## उपसचिवसहित सातविरुद्ध भ्रष्टाचार मुद्दा

सडकको ठेक्कामा नक्कली बैंक ग्यारेन्टी पेस गरेको अभियोगमा उपसचिवसहित सातजनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । साबिकको जिल्ला प्राविधिक कार्यालय भोजपुरमा भएको अनियमितताबारे अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

भोजपुर–टक्सार–कोट–गगने–लेखर्क सडक स्तरोन्नतिको ठेक्का पाएको कम्पनीले बैंकमा ग्यारेन्टी रकम नै नराखी नक्कली कागजपत्रका आधारमा भुक्तानी लिएको थियो । कृषि विकास बैंक, मुख्य शाखा कार्यालय रत्नपार्कका कर्मचारीको समेत मिलेमतोमा अनियमितता भएको हो । आयोगले प्राविधिक कार्यालयका तत्कालीन प्रमुख लालु गिरी, लेखापाल रामबहादुर दाहाल, अधिकृत छविलाल ढकालविरूद्ध मुद्दा दायर गरेको हो ।

चारजना ठेकेदारविरूद्ध पनि मुद्दा दायर भएको छ । एमके निर्माण सेवाका माधवप्रसाद खनाल, वाइपी कन्ट्रक्सनका राजु श्रेष्ठ, एमके वाइपी जेभी कम्पनीका रणधीर तुम्बा र देवजंग शाहीविरूद्ध मुद्दा दायर भएको हो । तुम्बा र शाहीलाई प्रतिव्यक्ति पाँच लाख ५५ हजार तथा अन्यलाई प्रतिव्यक्ति एक करोड १० लाख ८० हजार रूपैयाँ बिगो दाबी गरी मुद्दा दायर गरिएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले बताए । कृषि विकास बैंकका तत्कालीन अधिकृत ढकालले बैंकमा पैसा जम्मा नै नभई त्यससम्बन्धी कागजपत्र दिलाएका थिए ।

सोही सडक निर्माणको क्रममा घुस लिएको अभियोगमा उपसचिव गिरीविरूद्ध डेढ महिनाअघि मुद्दा दायर भइसकेको छ । ठेकेदारसँग पटक–पटक गरेर उनले १८ लाख ५० हजार रूपैयाँ लिएका थिए । जसमध्ये पाँच लाख उनले श्रीमतीको खातामा लिएका थिए । ठेकेदार कम्पनीका प्रतिनिधि देवजंग शाहीले उनीविरूद्ध आयोगमा उजुरी दिएका थिए । सोही उजुरीमाथि अनुसन्धान गर्ने क्रममा मिलेमतोका आधारमा भएको नक्कली बैंक ग्यारेन्टी बाहिर आएको हो ।


हार्दिक शुभकामना
नव वर्ष २०७६ को
सुखद अवसरमा हाम्रा समस्त ग्राहक वर्गहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सूर्य नेपाल प्रा.लि. परिवार
SURYA NEPAL बालसदन, कान्तिपथ, काठमाडौं, नेपाल





Every game. Everything about the game.
सबै खेल डटकम
www.sabaikhel.com /sabaikhel
info@sabaikhel.com @sabaikhel
For Advertisement : sabaikhel@gmail.com

# बारा र पर्साका हुरीपीडितहरूको हाहाकार



• राजन कार्की
rajan2012karki@yahoo.com

बारा र पर्साका हुरी पीडितहरूको हाहाकार जारी छ । जाबो हजार घरधुरीको विपदलाई व्यवस्थापन गर्न नसक्ने सरकार नयाँ नेपाल बनाउने फूर्ति लगाइरहेको छ । न हिजोको घटनाबाट सिक्यो, न आजको प्राकृतिक विपत्तिले केही सिकायो । यसको अर्थ भोलि पनि कुनै विपत आयो भने यस्तै हरिहल्लै चाला देखिने छ ।

तथापि नेपाली एकता कसैले भत्काएर भत्किने कमजोर छैन भन्ने दृष्टान्त बारा र पर्सामा परेको बिपदपछि देखिएको छ । बारा र पर्सामा जुन आँधी आयो र जनजीवनलाई सोत्राम पारेर गयो, यसपछि राहत र उद्धारका नाममा हेलिकोप्टर, चाउचाउ, चिउरा, भुजिया र केरा बाँडेको सेल्फीसमेत देखियो, मानवीयताको उपहास थियो त्यो । यो देखेर सम्झना आयो– १९५६ मा लालबहादुर शास्त्री भारतका रेल मन्त्री थिए । उनी एक समारोहमा जाँदै गर्दा वीच बाटोमा उनको गाडी रोकियो । एउटी महिलालाई व्यथा लागेको छ, उनले बच्चा जन्माउन नसकेर इन्तु न चिन्तुमा परेकी छिन्, यिनलाई अस्पताल लगिदिनुपर्‍यो । सँगै गएका उत्तर प्रदेशका मन्त्री र सुरक्षाकर्मीले शास्त्रीलाई समारोहमा पुग्न अवेर भइसक्यो, गइहालौं भनेर आग्रह गरे । तर लालबहादुर शास्त्रीले तत्काल आदेश दिए– समयभन्दा मानिसको जीवन महत्वपूर्ण हुन्छ, ती बहिनीलाई मेरो गाडीमा राखेर अस्पताल पुर्‍याउँ । म कार्यक्रममा ढिला पुगे पनि फरक पर्दैन, ती बहिनीलाई अस्पताल पुर्‍याउन ढिला भयो भने उनको ज्यान जानसक्छ ।

केन्द्र र २ नम्बर प्रदेशको उदासीनताले कतिको बच्नसक्ने ज्यान गयो, यसको खुलासा बिस्तारै हुँदैजाला । सीएनएनले नेपालको रिपोर्टिङ गर्ने सन्दर्भमा उद्धारबारे केन्द्रीय दैवी प्रकोपका अधिकारी भन्दै थिए– गृहले अनुमतिको एउटा पत्र नपाउँदा उद्धार टोली पठाउन केही ढिला भएको हो । यत्तिबाट बुझ्न सकिन्छ, ओली सरकार सुखी नेपाल, खुसी नेपालीको उद्देश्य पूर्ति गर्न कति सक्रिय रहेछ ? चैत १७ गते आइतवार साँझ, ठूलै बिपत आयो पर्‍यो बारा पर्सामा । भीषण हुरी ।सवारी साधन वल्टाइपल्टाइ पार्ने, ढलान गरेको हेल्थपोष्टको छत नै ५० मिटर पर लगेर बजारिदिने कस्तो हावाहुण्डरी होला ?३ मिनेटको आँधी हुरी, बज्रपातभन्दा कम थिएन । २५ भन्दा बढीको ज्यान गयो, ४ सयभन्दा बढी घाइते भए । ३ हजारभन्दा बढी घरहरू मैदान बने ।

प्राकृतिक प्रकोप कति भयानक । धेरैको ज्यान लियो, अन्नपात सब उडायो । पानी थापेर खाने कचौरासम्म बचेन । छत सबै उडायो । ओत कसैको छैन । प्रदेश सरकार र केन्द्र सरकारले ३ दिनसम्म पनि ५ हजार पाल बितरण गर्न सकेन । यस्तो पनि संघीयता हुन्छ ? नयाँ नेपाल, यही हो नयाँ नेपाल ।

यसपछि तराईलाई विपत पर्दा पहाडले छेक्नुपर्छ भन्ने गीतको आवश्यकता पर्‍यो । सिंगो मुलुक बारा पर्साको जीवन मृत्युको लडाइँमा साथसाथ देखिएका छन्

बारा पर्सा, जहाँ मृत्युले परेड खेलेर गयो, त्यहाँ सर्प, लामखुट्टेको प्रकोप बढ्न थालेको छ । औषधिमूलोको अभाव छ । सरकारले कति जना डाक्टरको टोली पठायो, कुन कुन डाक्टर पुगेका छन्, भन्न सकेको छैन । बरू उही डा.गोविन्द केसी सक्दो औषधि बोकेर बारा पुगे, कुनै प्रचारबिना आफ्नो डाक्टरी धर्म निभाइरहेको देखियो ।

संवेदनहीन राजनीतिक पार्टी नेताहरू राहत लिएर गएका छन्, राहत बाँड्ने नाममा सेल्फी फोटो खिचेर सामाजिक सञ्जालमा राख्नै हतार छ तिनलाई । के के न गरें भनेर प्रचारप्रसार गर्ने होडबाजी पनि चलिरहेको छ । सरकार हेलिकोप्टरमा चक्कर लगाइरहेको छ, केही घाइतेलाई उपचारको व्यवस्था मिलाएर फर्किसकेको छ । प्रदेश सरकार चन्दा माँगिरहेको छ ।

छानो किन चाहिन्छ, घर समाज र देश भनेको के हो ? यो सबको चेत बारा र पर्सामा परेको बिपदले देखाइदिएको छ । बालबृद्ध, महिला र त्यसमाथि पनि सुत्केरी महिला, बिरामीहरूको कन्तबिजोग छ । तिनलाई सुरक्षा दिनु पहिलो चुनौति हो । त्यो चुनौतिको सामना गर्नैपर्छ र व्यवस्थित ढङ्गबाट गर्न जरूरी छ । व्यवस्थापन गर्ने नाममा पार्टीको कार्यकर्ता हो कि होइन भनेर नहेरियोस्, आफ्नो र पराई मान्छेको बिभेद नराखियोस् । केन्द्र, प्रदेशदेखि गाउँपालिकासम्मको सिंहदरवारले न्यायोचित रूपमा नागरिकको हक र अधिकारको संरक्षण गर्न सक्नुपर्छ । भूकम्पपीडितलाई दिने राहतमा जस्तो भ्रष्टाचारी दृष्टि राखियो, न्याल काढियो भने योभन्दा ठूलो राजनीतिक, प्रशासनिक अपराध अरू केही हुनेछैन ।

प्रधानमन्त्री र गृहमन्त्रीको अध्यक्षतामा रहेको विपद व्यवस्थापन र कार्यान्वयन निकायको बैठकसमेत लामो समयदेखि बस्न सकेको छैन । गतसालको बाढीपहिरो, त्यसअघिको महाभूकम्पबाट शिक्षा लिन नसक्दा, अहिलेको आँधीहुरीको विपदमा समेत राज्य तत्काल राहत उपलव्ध गराउन निरीह देखियो ।

देशभक्तिका भाषण गर्ने पार्टीहरू, दुई तिहाइ बहुमतको धक्कु लगाउने सरकार, मधेशको मसिहा हुँ भन्नेहरूभन्दा आम नागरिक धेरै प्रभावशाली, धेरै राष्ट्रवादी । एकलाई पर्दा अर्को नेपाली नै काम आउँछ भन्ने उदाहरण यतिबेला बारा, पर्सामा खुलस्त देख्न सकिन्छ । जनस्तरकोसहयोग र सद्भावले पहाड र तराईलाई जोड्ने काम गरिरहेको छ । भेगमा छैनौं, नेपाली हौं भन्ने भावना जगाइरहेको छ ।

अचम्म त के देखियो भने राजपा अथवा अन्य मधेशवादी पार्टीहरू कुन दुलोमा छन् थाहा छैन । मधेश अलग देश भनेर राष्ट्रियतामाथि बिखण्डनको छुरा धस्नेहरू बारा, पर्सामा देखिदैनन् । तेल पानी छुट्टिएको छ । तिनको गैरजिम्मेवारी तराईका नेपालीले प्रष्टै देखेका छन् ।

बारा, पर्सा यतिबेला शोकमा डुबेको छ । शोकाकूल बारा, पर्साका नागरिकलाई नेपाल भरिको सहयोगी हात र भर चाहिएको थियो, त्यो भरोसा जनता जनताको हातेमालोले उपलब्ध गराइरहेको छ ।

बारा, पर्साका ३ हजारभन्दा बढी घर मैदान भएका छन् । यो विपद टार्न, व्यवस्थापन गर्न राष्ट्रिय ताकत दयनीय देखिन्छ, प्रदेशको क्षमताको के कुरा गर्नु ? केन्द्रीय सरकारका तर्फबाट प्रधानमन्त्रीले गाँस र बासको जिम्मा लिन्छु भनेर प्रारम्भिक राहतको घोषणा गरेका छन् । सरकारवादी नेकपाका अर्का अध्यक्ष प्रचण्डले प्रत्येक मृतकका परिवारलाई ५–५ लाख दिने घोषणा गरेका छन् । प्रचण्ड तिनै हुन् जसले भूकम्पपीडितलाई यस्तै राहतको घोषणा गरेका थिए, जुन आजसम्म पूरा गरेनन् । हुन त जनयुद्ध कालमा बाँदरमुडे, चितवनमा यात्रुबसमा पड्केर मरेका परिवारलाई पनि प्रचण्डले राहतको घोषणा गरेका थिए, दुईपल्ट प्रधानमन्त्री भइसके, अहिले पनि सरकार हाँक्ने पार्टीका अध्यक्ष छन्, पूरा गरेनन् । त्यसमाथि उनको आर्थिक स्रोत रहस्यमय त छँदैछ ।

यतिमात्र हो र ? प्रधानमन्त्री र गृहमन्त्रीको अध्यक्षतामा रहेको विपद व्यवस्थापन र कार्यान्वयन निकायको बैठकसमेत लामो समयदेखि बस्न सकेको छैन । गतसालको बाढीपहिरो, त्यसअघिको महाभूकम्पबाट शिक्षा लिन नसक्दा, अहिलेको आँधीहुरीको विपदमा समेत राज्य तत्काल राहत उपलब्ध गराउन निरीह देखियो ।

यति ठूलो धनजनको क्षति हुनुमा मौसमको पूर्वानुमान गर्न नसक्नु पनि हो । किन त मौसम विज्ञान विभागलाई आधुनिकीकरण गर्नुको विकल्प छैन । मौसम विज्ञान विभागको काम यो विपदमा मृतक प्रति समबेदना र घाइतेलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्नुमा सिमित हुनपुग्यो ।

विपद आयो गयो, विपदसँग जुध्न सिंगो देश एक भएको छ । खाना, नाना र छानाका लागि, पानी, ओखती र उपचारका लागि, सर्वसाधारण उर्लिएपछ पार्टीहरू बाध्य भएर ५ देखि ३५ लाखसम्मको आर्थिक सहयोग घोषणा गर्न थालेका छन् । कांग्रेसले त राष्ट्रिय विपदको घोषणाको माँग गरेको छ । राजनीतिक दलहरूले पार्टी स्वार्थका कारण मधेशीया र पहाडीया भनेर मानसिक रूपमा गरेको विभाजनलाई नागरिकले अस्वीकार गरिदिएका छन् । तराईमा जुन विपद परेको छ, त्यसमा सिंगो मुलुकवासी विपद टार्न, विपदबाट उतार्न लागिपरेको छ । यो हो नेपालीपन, नेपाली शक्ति । नेपाली मौलिकपन । नेपाली गौरव । नेपाललाई कसैले विभाजन पार्न र बिखण्डन गर्न सक्दैन भन्ने सन्देश आन्तरिक राजनीति र बाह्य अभिष्ठ बोकेकाहरूले राम्ररी बुझेको देखेको हुनुपर्छ । यो नेपाली भावधाराले राजनीतिमा दूरगामी असर पार्न सक्ने निश्चित छ ।

प्रश्न बारा र पर्सामा भएको प्राकृतिक विध्वंशको पुननिर्माण र पुनर्ताजकीकरणको छ । यस कार्यमा आमनागरिकको सहयोग र साथ छ, राज्यसञ्जालले त्यो सहयोग र साथ, रहेभएका साधन र स्रोतको अधिकतम सदुपयोग गर्न सक्नुपर्छ । यसैमा लोकतन्त्रको गरिमा र महिमा पनि झल्किने छ । र, भोलि भोलि यस्तै खाले अनपेक्षित प्राकृतिक प्रकोपबाट जुध्नका लागि अहिलेदेखि नै के के गर्नुपर्ने हो, त्यसको जोहो थालिहाल्नु उचित हुनेछ । जहिले जहिले आगलागी हुन्छ, अनि कुवा खन्ने कुरा गरियो र अहिले बारा र पर्सामा विपद आउँदा ५ हजार थान त्रिपालसम्म पनि राज्यले झिक्न सकेन । यस्तो दयनीयता आगामी दिनमा देख्न नपरोस् । माथिको आदेश निर्देश कुर्नुपर्ने स्थितिको पनि अन्त्य होस् । विपद पर्दा तत्काल उद्धारमा खट्नसक्ने शक्ति र सामल अलर्ट अवस्थामा राख्ने व्यवस्था हुनुपर्छ । त्यसै पनि नेपाल सधैं भूकम्पदेखि बाढीपहिरोको जोखिममा छ । अव त आँधी हुरीको जोखिम पनि थपियो । यसबाहेक पनि बेलाबेलामा आगलागीको जोखिम पनि बेहोर्दै आएका छौं ।

चुरो कुरो, विपद आइहाल्यो भने जुध्ने शक्तिको विकासगरौं ।

## आँधी प्रभावितलाई सिप्रदियनको साथ

काठमाडौं । टाटा ट्रस्ट र सिप्रदियन सहायता संस्थाले पर्साको सुखचिना गाउँका ६५ आँधी प्रभावित परिवारलाई राहतस्वरूप आधारभूत आवश्यकताका सामान वितरण गरेको छ । सिप्रदियन सहायता संस्थाका २० जनाको स्वयंसेवक टोलीले यसअघि पनि पर्साको जगरनाथपुरमा ६५ भन्दा धेरै आँधी प्रभावित परिवारलाई प्रतिपरिवार २५ किलो चामल, ५ किलो दाल, १ किलो नुन, २ लिटर खाना पकाउने तेल, म्याट र लत्ताकपडा वितरण गरेको थियो । यस्तै बाराको भलुही र चैनपुरमा पनि २ सयभन्दा धेरै आँधी प्रभावित राहत उपलब्ध गराएको थियो । टाटा ट्रस्ट सय वर्षअघिदेखि अस्तित्वमा रहेको भारतको सबैभन्दा पुरानो परोपकारी संस्था हो । ट्रस्टले अनुदानद्वारा वा प्रत्यक्ष कार्यान्वयन एवं सहभागितामार्फत स्वास्थ्य तथा सुपोषण, जल तथा सफाइ, ऊर्जा, शिक्षा, ग्रामीण जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापनलगायतका क्षेत्रमा सहयोग गर्दै आएको छ । सन् २०१२ बाट क्रियाशील सिप्रदी सहायता संस्था सिप्रदी ट्रेडिङ प्राइभेट लिमिटेडद्वारा कम्पनीको सामाजिक दायित्वको कार्यान्वयनका लागि स्थापना गरिएको संस्था हो ।



पढ्थ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

म-यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।
- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# एक्लै हिंड्दा 'समृद्ध नेपाल, सुखी नेपाली' हुन सक्दैनन्

नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा गठन भएको नेकपाका अध्यक्ष केपी ओली नेतृत्वको सरकार समेत पछिल्लो समय विवादको घेरामा तानिँदै गएको छ। गएको प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा अन्य सबै दललाई पछि पार्दै झण्डै सबै तहमा दुई तिहाई मत पाउन सफल भएको नेकपाको सरकारले जनताको चाहना र भावनानुसार काम गर्न सकेको छैन। सरकारले उडन्ते गफ गर्ने र ठुला ठुला नारा दिने बाहेक जनताको हितका लागि ठोस कार्य गर्न सकिरहेको छैन। प्रधानमन्त्री केपी ओलीले आफु दोस्रो पटक प्रधानमन्त्री भएकै दिन आफुले पनि भ्रष्टाचार नगर्ने र अरुलाई पनि गर्न नदिने अभिव्यक्ति दिएका थिए तर तिनै प्रधानमन्त्री ओलीको १४ महिने कार्यकालमा मुलुकमा भ्रष्टाचार बढेको तथ्यांकहरूले देखाइरहेका छन्। प्रधानमन्त्री ओलीकै पालामा सम्वैधानिक निकाय अख्तियार दुरुपयोग अनुसनधान आयोगका आयुक्त राजनारायण पाठक भ्रष्टाचार काण्डमा मुछिएर आयुक्त पदबाट राजिनामा दिन बाध्य भए। अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रणका लागि नै गठन गरिएको थियो। तर, भागवण्डाका आधारमा प्रमुख आयुक्तसहित अन्य आयुक्तहरू नियुक्त गरिने भएकाले त्यहाँबाटै भ्रष्टाचारको संरक्षण हुने गरेको पुष्टी पाठक काण्डले उजागर गरेको छ।

पछिल्लो समयमा राजनीतिक दलहरू एकै ठाउँमा उभिन नसकेका र राजनीतिक दलहरू नै एक अर्काप्रति आरोप-प्रत्यारोप लगाउँदै हिंड्न थालेका हुनाले जनताले आवश्यकीय सेवा सुविधा समेत पाउन सकेका छैनन्। सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याउने नाममा सिंहदरबार र बालुवाटारबाट हुने भ्रष्टाचार गाउँ-गाउँमा मात्र होइन वडा-वडामा पुगेको छ। प्रदेश सरकारहरूसमेत भ्रष्टाचारमा डुब्दै गएका समाचारहरू प्रकाशित र प्रशारित हुँदै गए पनि त्यसलाई नियन्त्रण गर्न ओली नेतृत्वको सरकारले कुनै पहल गरेको छैन। एउटै प्रदेशमा अलग-अलग मन्त्रालयले एउटै कम्पनीको एउटै गाडी खरिद गर्दा अलग-अलग मूल्यमा खरिद गरेका छन्। किन एउटै गाडी, एउटै कम्पनीको खरिद गर्दा मूलय फरक पऱ्यो भनेर प्रदेशका मुख्यमन्त्रीले समेत चासो देखाउन नसक्नु र खरिद गरिएको गाडीको बारेमा मौन बस्नुले प्रमाणित हुन्छ, मुख्यमन्त्री समेत भ्रष्टाचारलाई बढवा दिने पक्षमै रहेका छन् भनेर। सरकारले गर्ने गरेका हरेक काम कारबाहीको लेखाजोखा जनताले गरिरहेका छन्। जनता सजग भइसकेका भएपनि जनताको कतिपय ठाउँमा पहुँच नभएको हुनाले उनीहरूले सरकारको विरोध गर्न सकिरहेका छैनन् भने केहीले आफ्नो पार्टीले गरेका काम भएकाले विरोध गर्न सकिरहेका छैनन्। यसको अर्थ जनता जानकार छैनन् भन्ने होइन। जनताले ओली नेतृत्वको सरकारबाट ठुलो आशा एवं भरोसा गरेका थिए तर जनताका त्यस्ता आशा एवं विश्वासमाथि विस्तारै कुठराघात हुँदै गएको छ। जनताले विकास निर्माण, शान्ति सुरक्षा मागेका थिए, मूल्य नियन्त्रण मागेका थिए। तर, आज ती सबै कार्यहरू गर्न सरकार असफल सावित भएको छ। सरकारले विकास निर्माणका लागि छुट्याएको रकमको ३२ प्रतिशतमात्र खर्च गर्न सकेको छ। आर्थिक वर्षको अन्त्य हुन अब तीन महिनामात्र बाँकी रहेको बेला सरकारले झण्डै ३ खर्ब रुपैयाँ खर्च गर्नुपर्ने अवस्था देखिएकोले अन्तिम समयमा त्यो रकम खर्च गर्ने गरिएकोले त्यसमा ठुलो मात्रामा भ्रष्टाचार हुने निश्चित रहेको छ। यी सबै तथ्यहरूले गर्दा झण्डै दुई तिहाईको केपी ओली नेतृत्वको सरकारले न त सुशासन नै दिन सकेको देखिएको छ न त विकास निर्माण नै।

केही दिन पहिला बारा र पर्सामा ठुलो हावाहुरी चलेर त्यहाँ ठुलो वितण्ड मच्चाएको छ। सरकारकै भनाइमा बारामा ठुलो क्षति भएको छ। स्वयं प्रधानमन्त्री त्यहाँ पुगेपनि उनी रित्तो हात गएका थिए। अहिले पनि त्यहाँका पीडित जनताको अवस्था भयावह रहेको छ। सरकारले पिडितहरूलाई घर बनाइदिने भनेपनि सबै पिडितले घर पाउँछन् भन्ने विश्वास त्यहाँका जनतालाई छैन। पीडितहरू भन्दा पार्टीका कार्यकर्ताहरूले राहत लिएको स्वयं सरकारी कर्मचारीहरूले नै बताउँदै आएकाले साँच्चिकै पिडितहरूले राहत र न्यायसंगत ढंगले सरकारी सहयोग पाउलान् त भन्नेमा आशंका उब्जिएको छ। प्रायः सबै राजनीतिक दलका ठुला नेताहरू त्यहाँ पुगेर अवस्थाको जानकारी लिए पनि आजसम्म जनताको अवस्था सामान्य हुन नसक्नु र सरकारले दिने भनेको सुविधा सबैले पाउन नसक्नुले जनताको मत रोएको छ। पिडित जनतालाई न्याय र सहारा चाहिएको छ आश्वासन होइन, आश्वासनले जनताको भोको पेट भरिँदैन।

ओली नेतृत्वको सरकारसँग झण्डै दुई तिहाईको बहुमत रहेकोले सरकारले प्रमुख विपक्षी दलसहित अन्य राजनीतिक दलहरूलाई सहमतिका आधारमा सँगै हिडाउने प्रयाससम्म गरेको देखिएको छैन। सम्वैधानिक परिषद्मा समेत एकलौटी निर्णय गरिने गरेको र संविधानले व्यवस्था गरेअनुसार सम्वैधानिक परिषद्को बैठकमा प्रमुख विपक्षी दलका नेताको उपस्थिति अनिवार्य भएपनि प्रमुख विपक्षी दलका नेताको उपस्थिति विनै विभिन्न निर्णयहरू गरिनु संविधानको बर्खिलाप हो। संविधानले सम्पूर्ण नेपाली जनतालाई बन्द व्यापार गर्ने शान्तिपूर्ण रुपमा विरोध गर्न पाउने र मुलुकभर हिँडडुल गर्न पाउने अधिकार दिएको भएपनि किन ओली नेतृत्वको सरकारले पूर्व राजा मुलुकको भ्रमणमा विभिन्न जिल्लामा जाँदा त्यसको विरोधमा अभिव्यक्ति दिइरहेको छ ? के पूर्व राजाले संविधानले दिएको अधिकार प्रयोग गर्न पाउँदैनन् त ? यदि पाउँदैनन् भने सरकारले प्रष्ट रुपमा भन्नुपऱ्यो। उनले आफ्नो पक्षमा जनमत बटुल्न पाउँदैनन् भनेर यदि होइन भने संविधानले दिएको अधिकारलाई सरकारले रोक्न सक्ने अवस्था नभएकोले सबै राजनीतिक दलहरू र पूर्व राष्ट्राध्यक्ष पूर्व राजा सहितलाई साथमा लिएर अघि बढेमात्र समृद्ध नेपाल सुखी नेपालीको नारा सफल हुनेछ एक्लै अघि बढेको खण्डमा समृद्ध नेपाल सुखी नेपालीको नारा सफल हुन सक्ने सम्भावना नै रहँदैन भन्ने हामीले ठानेका छौं।

# प्रधानमन्त्रीलाई झुक्याइयो रे वा खोई त कारबाही ?



• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रबीच एकता भएको १ वर्ष पुग्न लाग्दा समेत नेपाल कम्युनिष्ट पार्टीका सबै संरचनाहरू एक भएका छैनन् । नेकपाका दुई अध्यक्षमध्येका एक अध्यक्ष प्रधानमन्त्री छन् भने अर्का अध्यक्ष, अध्यक्षको कुर्सीमै आसिन रहेका छन् । सत्ताको नेतृत्वकर्ता नेपाल कम्युनिष्ट पार्टीभित्र अहिले प्राय सबै ठुला नेताहरूका गुट, उपगुट रहेका हुनाले कम्युनिष्ट पार्टी एकढिक्का भएर अघि बढ्न सकेका छैनन् । पार्टीभित्र गुट उपगुट भएकाले उनीहरूले पार्टीको आउँदो महाधिवेशनलाई ध्यान दिएर अहिलेदेखि नै अध्यक्ष पद हत्याउने खेलमा लागेका हुनाले एकतामा ढिलाई भएको सत्य वास्तविकता हो । पार्टीका नेताहरूले आ-आफ्ना पक्षका कार्यकर्ताहरूलाई अहिलेदेखि नै संरक्षण गर्न नसकेको खण्डमा महाधिवेशनबाट अध्यक्ष पद हत्याउन नसकिने आंकलन गरेर कार्यकर्ताहरूको संरक्षणका लागि आ-आफ्ना गुट उपगुटहरू चलाइरहँदा पार्टी एकतामा ढिलाई भएको हो । गत वर्ष जेष्ठ ३ गते नेकपा एमाले र माओवादी केन्द्रबीच एकता भएको थियो । पार्टी एकता गर्दा तीन महिनाभित्रमा सबै तहमा एकता गरिसक्ने प्रतिवद्धता नेताहरूले जनाएका थिए तर त्यस्ता प्रतिवद्धताहरू कागजमै सीमित भएका छन् । पार्टीको केन्द्रीय समिति गठन भएपनि नेताहरूलको कार्यविभाजन र जिल्ला कमिटीहरू समेत गठन नभएको हुनाले पार्टीका कार्यकर्ताहरू बेरोजगार भएका छन् । पार्टीका विभिन्न भातृ संगठनहरूसमेत एकीकरण हुन हुन नसक्दा पार्टीचलायमान हुन सकिरहेको छैन । तल्लो तहसम्ममा तत्काल एकीकरण नहुने हो भने नेपाल कम्युनिष्ट पार्टी लथालिंग अवस्थामा पुग्ने संकेतहरू देखिएका छन् । पार्टीभित्रका नेतापिच्छेका गुट र आगामी महाधिवेशन लक्षित स्वार्थ हावी भएकाले तल्लो तहसम्म एकता हुन नसकेको हो । तल्लो तह जिल्लाको नेतृत्वमा समेत नेताहरूले आ-आफ्नो भाग खोज्न थालेका हुनाले एकीकरणको प्रक्रिया अवरूद्ध भएको नेताहरूले नै स्वीकार गर्न थालेका छन् ।

सत्ताको नेतृत्वकर्ता पार्टी नै लथालिङ्ग अवस्थामा पुगेको हुनाले त्यसको प्रत्यक्ष असर सरकार सञ्चालनमा समेत पर्दै गएको छ । प्रधानमन्त्री स्वयम् पार्टीका अध्यक्ष रहेका भएपनि उनले समेत प्रभावकारी ढँगले न त पार्टी नै सञ्चालन गर्न सकेका छन् नत सरकार नै । पार्टी एकीकरण हुनुभन्दा पहिला तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रबीच सहमति गरेर सरकरा निर्माण गरेका थिए । त्यसबेला माओवादी केन्द्रको प्रतिनिधित्व गृहमन्त्री रामबहादुर थापाले गरेका थिए, अहिले पनि थापा माओवादी केन्द्रकै नेतृत्व गरेजस्तो व्यवहार देखाउँदै कार्य सञ्चालन गरिरहेका छन् । पार्टी एकीकरण भएपनि मन्त्रीहरू समेत एकीकरणको भावना अनुसार सञ्चालन हुन सकिरहेको छैनन् । नेताहरूको स्वार्थ बाझिएका हुनाले एकता प्रक्रिया र आन्तरिक कार्ययोजनाका लागि बनाइएको कार्यतालिका समेत नेताहरूले नै उल्लंघन गर्दै आएका छन् । पार्टीभित्र विधि र मापदण्डका आधारमा एकता हुनुपर्नेमा त्यसको ठीक उल्टो तरिकाले आ-आफ्ना स्वार्थ अनुसार आफ्ना मान्छेलाई टपक्क टिका लगाई दिनुपर्दछ भन्ने दृष्टिकोणबीच तिव्र अन्तरविरोध देखापरेको छ । यिनै कारणले गर्दा नेपाल कम्युनिष्ट पार्टी लथालिङ्ग अवस्थामा पुगेको छ ।

मुलुकका ७ प्रदेशमध्येका ६ वटा प्रदेशमा नेपाल कम्युनिष्ट पार्टीकै बहुमतको सरकार रहेको छ । संघीय सरकारमा प्रधानमन्त्रीको पार्टी झण्डै दुई तिहाईको मत नजिक रहेको छ भने सरकार सञ्चालनका लागि आफ्नै पार्टीसँग बहुमत रहेको छ । तर, त्यति हुँदाहुँदै पनि सरकारले प्रभावकारी भूमिका निभाउन सकिरहेको छैन । निर्वाचनका बेला जनतालाई दिएका आश्वासनहरू आश्वासनमै सीमित भएका छन् । महंगी मूल्यबृद्धि, बेरोजारीले गर्दा जनता आक्रान्त भएपनि त्यस्ता समस्याको समाधान गर्न सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन । स्वयम् प्रधानमन्त्री आफूहरूलाई व्यापारीहरूले झुक्याएको उद्घोष सार्वजनिक रूपमै गर्न थालेका छन् । प्रधानमन्त्रीको लागि यो भन्दा लाजमर्दो विषय के हुनसक्छ ? दुई तिहाईको दम्भ देखाउने सरकारलाई झुक्याउने व्यापारीमाथि किन सरकारले कारबाही गर्न सक्दैन ? आफूलाई चिनी व्यापारीहरूले झुक्याएर निर्णय गर्न लगाएको सार्वजनिक अभिव्यक्ति प्रधानमन्त्रीले दिनु कत्ति जायज थियो ? झुक्याएको अभिव्यक्ति दिएपछि त्यसरी झुक्याउने व्यापारीमाथि किन सरकारले कानुनी कारबाही गरेन ? गत भदौ ८ गते सरकारले चिनी आयातमा प्रतिबन्ध लगाउँदै वार्षिक १ लाख मेट्रिकटन चिनी आयात गर्न दिने निर्णयगरेको थियो । विश्व बजारमा चिनीको मूल्यमा कमी आएपछि केही काला व्यापारी र केही उद्योगीहरूले ठुलो मात्रामा चिनी आयात गरेका थिए । त्यही आयातित चिनी बढी मूल्यमा विक्रि गर्ने उदेश्यले गर्दा चिनी उद्योग संघका अध्यक्ष शशीकान्त अग्रवासहितको टोलीले प्रधानमन्त्री निवासमै पुगेर नेपाली चिनी विक्रि हुन छोडेको हुनाले चिनी आयातमा कोटा निर्धारण गर्न आग्रह गरेका थिए । निज अग्रवाल चिनी मिलका मालिक समेत हुन् । प्रधानमन्त्री र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई समेत प्रभावमा पारेर चिनी उद्योगीहरूले आफ्नो स्वार्थ अनुरूपको निर्णय गराउन सफल भएका थिए । सरकारले कोटा निर्धारण गर्नुअघि साल्ट टेडिङ्ग कर्पोरेशनले मगाएको चिनी वीरगञ्ज भन्सार कार्यालयमा आइपुगेपनि कोटा निर्धारणले गर्दा त्यहीँ रोकिएको थियो । सरकारले कोटा निर्धारण गर्नुअघि खरिद गरिएको चिनी आयातकर्तालाई ल्याउन नदिएको हुनाले साल्ट ट्रेडिङले ठुलो क्षति व्यहोर्नु परेको थियो । साल्ट ट्रेडिङले निजी क्षेत्रको व्यापारीहरूको भन्दा सस्तो दरमा चीन विक्रि वितरण गर्ने भएकाले निजी क्षेत्रका भ्रष्ट उद्योगी, चिनी व्यापारीहरू र चिनी मिल मालिकहरू एकै ठाउँमा उभिएर चिनीको कोटा निर्धारण गर्न हारगुहार गर्दै पटक पटक प्रधानमन्त्री निवास पुगेका थिए । त्यही कारणले गर्दा सरकारले कोटा निर्धारण गर्ने निर्णय गरेको थियो । पछिल्लो समयमा सरकारको नीति नै उदारीकरणतर्फ उन्मुख हुनाले सरकारले त्यस बेला गरेको निर्णय नै गलत रहेको थियो । स्वदेशी उद्योगीलाई प्रोत्साहन दिने नाममा स्वदेशी उद्योगबाट उत्पादिन भनेर विदेशबाट आयातित चिनीमा नेपालको उत्पादन भनेर स्टीकर टाँसेर चिनी विक्रि गर्ने काला व्यापारी र चिनी मिल मालिकहरूलाई कारबाही गर्नुको सट्टा सरकारले एकतर्फी निर्णय गरी भ्रष्ट व्यक्तिहरूलाई संरक्षण गर्नु सरकारको कमजोरी हो । सरकारले कोटा निर्धारण गर्ने निर्णय गर्नुभन्दा अगाडि आयात गरिएको साल्ट ट्रेडिङको चिनी अहिले पनि वीरगञ्ज भन्सार कार्यालयमै रहेको हुनाले अब सरकारले उक्त चिनीमाथि लाग्ने भन्सार कर छुट गरी भाडा समेत मिनाह गरी साल्टलाई चिनी ल्याउने वातावरण मिलाइदिनुपर्ने आवश्यकता देखिएको छ । सरकारको निर्णयले साल्ट ट्रेडिङले ठुलो क्षति व्यहोर्नुपर्ने परेको अवस्थामा साल्ट ट्रेडिङलाई कि त सरकारले नै आफ्नो गलत निर्णयले गर्दा घाटा भएको भन्दै साल्ट ट्रेडिङलाई संरक्षण गर्नु आवश्यक छ । स्वयम् प्रधानमन्त्रीले नै चिनी व्यापारीहरूले आफूलाई झुक्याएर निर्णय गर्न लगाएको अभिव्यक्ति दिएपछि साल्ट ट्रेडिङको घाटा सरकारले नै व्यहोर्नु उपयुक्त कदम हुनेछ । सरकारी निर्णयबाट कसैलाई हानी नोक्सानी गर्न पाइँदैन भन्ने विश्वव्यापी सिद्धान्त नै हो । यी सबै कारणहरूले गर्दा प्रष्ट हुन्छ केपी ओली नेतृत्वको सरकारले प्रभावकारी रूपमा जनताको पक्षमा काम गर्न सकिरहेको छैन । चिनी उद्योगी र चीन व्यापारीहरूले आफ्नो हितमा निर्णय गराउन प्रधानमन्त्री निकट रहेका नेकपाकै सांसद मोतिलाल दुगडलाई समेत प्रयोग गरेका तथ्य बाहिर आएका छन् । चिनी मिल र चिनी व्यापारीहरूले सांसद दुगडलाई निर्णय गराइदिएवापत् मोटो रकम उपलब्ध गराएको चर्चा त्यतिबेला सिंहदरबारभित्रै चलेको थियो । कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको सरकारले नै जनताको हितमा काम गर्न नसकेको र आफ्नो पार्टीसमेत लथालिङ्ग अवस्थामा पुऱ्याएको बेला संसदको प्रमुख विपक्षी दल नेपाली कांग्रेस समेत आन्तरिक द्वन्द्वमा फसेको छ । उसले प्रमुख प्रतिपक्षको भूमिका समेत निभाउन सकेको छैन । प्रतिपक्ष कमजोर रहेको बेला सरकारले कतिपय गलत निर्णयहरू समेत गरेको छ । अर्थात सरकारका निर्णयमाथि निगरानी गर्ने कोही भएनन् त्यसैले सरकारले जन्मको आधारमा नेपाली नागरिकता पाएका व्यक्तिको सन्तानलाई वंशजको नागरिकता दिन ७७ वटै जिल्ला प्रशासन कार्यालयमा गृह मन्त्रालयले परिपत्र गरेको छ । नागरिकतासम्बन्धी विधेयक संसदमा विचाराधिन रहेको अवस्थामा किन गृह मन्त्रालयले राष्ट्रघाती परिपत्र गऱ्यो ? सर्बोच्च अदालतले कानुन अनुसार नागरिकता दिनु भन्ने आदेश दिएको छ कानुन नै नबनेको अवस्थामा किन परिपत्र गरेर नागरिकता दिने आदेश दिइयो ?

कार्यकारी प्रधानमन्त्री हुने विश्वका सबै देशहरूमा सरकारका मन्त्रीहरूले गर्ने गरेका सबै कामको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्दछ । मन्त्रीहरू भनेका प्रधानमन्त्रीका सहयोगीमात्र हुन् । वेष्ट मिनिष्टर सिस्टम हामीले अपनाएको हुनाले मन्त्रीले राजिनामा दिएपनि प्रधानमन्त्रीले राजिनामा दिनुपर्दैन तर प्रधानमन्त्रीले राजिनामा दिएको खण्डमा मन्त्रीहरू स्वत पदमुक्त हुने भएकाले अब प्रधानमन्त्रीले आफ्ना मन्त्रीहरूले गर्ने गरेको गैरजिम्मेवारीपूर्ण कामहरूको जिम्मेवारी लिनु आवश्यक छ ।

आफूलाई चिनी व्यापारीहरूले झुक्याएको अभिव्यक्ति दिएर प्रधानमन्त्री उम्किन पाउँदैनन्, झुक्याउने व्यक्तिहरूमाथि उनीहरूलाई कानुनी दायरामा ल्याएर लोकतान्त्रिक व्यवस्थाकै साख बचाउने दायित्व प्रधानमन्त्रीकै हो । प्रधानमन्त्रीले आफ्नो आचरण सफा र शुद्ध राखेको खण्डमा मन्त्री र आफ्ना वरिपरि बस्ने गणेशभक्तहरूले कुनै बद्मासी गर्न सक्दैनन्, तर स्वयम् प्रधानमन्त्री नै सरकारी खर्चका कहिले ओली बन्धुहरूको भेला आफ्नो सरकारी निवासमा बोलाउँछन् त कहिले कुनै मन्त्रीको जन्मोत्सव पनि सरकारी निवासमै मनाउँछन् । त्यतिमात्र होइन आफ्नो पार्टीको केन्द्रीय समितिको बैठक समेत सरकारी निवासमै बोलाएर सरकारी खर्च गर्दछन् । ओली नेतृत्वको सरकारले राजनीतिक दलहरूलाई संविधानले दिएको अधिकार समेत प्रयोग गर्न नदिने असफल प्रयास गरेको छ । केही दिन पहिला राष्ट्रिय प्रजातन्त्र पार्टीले गरेको शान्तिपूर्ण विरोध जुलुस र धर्ना कार्यक्रममा काठमाडौमै अश्रुग्यास र लाठी प्रहार गरी राप्रपाका नेता तथा कार्यकर्ताहरूलाई घाइते बनाइयो । राप्रपाले सरकारलाई जानकारी गराएरै विरोध कार्यक्रम सञ्चालन गरेको थियो । फागुन मै राप्रपाले सरकारलाई २२ बुँदे माग प्रस्तुत गरेको र विरोधका कार्यक्रमहरू समेत त्यतिबेला सार्वजनिक गरेकोमा उसका मागहरू सम्बोधन गर्नुको बदला लाठी प्रहार गर्नु संविधानमाथिको ठाडो उल्लंघन हो । संविधानमा व्यवस्था भएअनुसार राष्ट्र, राष्ट्रिय अखण्डता र जनतामा निहित सार्वभौमसत्ता बाहेका सबै कुराहरू संशोधनीय रहेका छन् । राजनीतिक दलले जनताको इच्छा अनुसार माथिका यी ३ बुँदा बाहेक अन्य सबै कुराहरू संशोधन गर्न सक्छन् । त्यो सम्वैधानिक अधिकार जनताको हो तर किन ओली सरकारले त्यसतर्फ ध्यान नदिएर संविधान अनुसार अघि बढ्दा राजनीतिक दलमाथि प्रहरी हस्तक्षेप गर्दै आएको छ ?

एउटा व्यक्ति जो राष्ट्रलाई टुक्र्याउने अभिव्यक्ति दिँदै आएकोमा उसलाई अंकमाल गर्ने ओली सरकारले संविधान अनुसार अघिबढ्ने दलको कार्यक्रमहरूमा अश्रुग्यास छोड्नु र लाठी प्रहार गर्नु किमार्थ उचित कदम मान्न सकिँदैन । राष्ट्रवादको नारा दिएर अघि बढेका प्रधानमन्त्री ओलीका पछिल्ला कदमहरूले गर्दा न त समृद्ध नेपाल सुखी नेपालीको नाराले नै सफलता पाउन सक्छ ? त्यसैले प्रधानमन्त्री समेत संविधान अनुसार नै अघि बढ्नु आवश्यक छ, सबैको सहयोग लिएर । यदि एक्लै अघि बढ्न खोजे लड्नुको विकल्प छैन ।

# नेपालमा कम्युनिस्ट किन बलशाली ?

● श्याम श्रेष्ठ

यतिवेला नेपालमा अचम्मको परिदृश्य छ । सिंहदरबारमा हेर्‍यो– त्यहाँ नेकपा नामधारी दलकै दुईतिहाइ बहुमतको सरकार कायम छ । सात प्रदेशमध्ये ६ मा र सात सय ५३ स्थानीय सरकारमध्ये अधिकांशमा यही दलको एकलौटी बहुमतको शासन छ । माथिदेखि तलसम्म तीनै तहको राज्यको ढाँचामा यति व्यापक कम्युनिस्टको हालीमुहाली दक्षिण एसियामा अन्त भेटिँदैन । गत वर्ष भएको पार्टी एकीकरणपछि राष्ट्रिय फैलावट र सबै तहको सरकारमा पकडका हिसाबले नेपालको सत्तारूढ 'नेकपा' एसियाकै चौथो ठूलो र विश्वकै पाँचौँ ठूलो 'कम्युनिस्ट पार्टी' हुन पुगेको छ । विश्वमा योभन्दा विशाल सत्तारूढ 'कम्युनिस्ट पार्टी' चीन, भियतनाम, उत्तर कोरिया र क्युबाको मात्र देखिन्छ ।

उता, सडकमा प्रतिपक्षमा हेर्‍यो– ०५० को दशकको सशस्त्र संघर्षले नपुगेर ०७० को दशकमा पुनः अर्को हिंसात्मक द्वन्द्वको तयारी गरिरहेको, त्यसका लागि बलपूर्वक चन्दा उठाइरहेको, यत्रतत्र बम पड्काइरहेको र कतै एनसेलको टावर उडाइरहेको नेकपा नामकै अर्को दल पनि छ । जसको नेतृत्व पूर्वमाओवादी नेता नेत्रविक्रम चन्दले गरिरहेको स्थिति छ । त्यो दलको सांगठनिक गतिविधि र प्रभाव केही समययता यसरी बढ्दै छ कि त्यस दलमाथि हालै लगाइएको प्रतिबन्धले सर्वशक्तिमान सरकारको सबैभन्दा ठूलो चुनौती त्यही 'नेकपा' भएको प्रतीत हुन्छ ।

यो के भएको हो नेपालमा ? कम्युनिस्ट किन यति धेरै फस्टाउन सकेका हुन् यो भूमिमा ? सरकार, संसद् र सडक सबैतिर कम्युनिस्ट किन यति ज्यादा छाएका हुन् ? जतिखेर सोभियत संघ र पूर्वी युरोपमा समाजवादी शासन व्यवस्था ढल्दै थियो, नेपालमा भने त्यति नै वेला 'कम्युनिस्टहरू' पहिलेभन्दा झन् धेरै बलवान र लोकप्रिय भएर राजनीतिक रंगमञ्चमा देखापरिरहेका थिए । त्यसको करिब तीन दशकपछि अहिले त समग्र देशको राजनीति नै नेपाली 'कम्युनिस्ट'को वरिपरि फन्को मारिरहेछ । किन बाँकी विश्वको सापेक्षतामा यस्तो विपरीत परिघटना नेपालमा घटिरहेको हो ? यो केवल संयोग मात्र हो कि यसका केही सुस्पष्ट कारण छन् ? यो आलेखमा हामी यिनै प्रश्नको उत्तर खोज्ने प्रयासमा हुनेछौँ ।

किन यति बलशाली ?

संसारमा कुनै पनि घटना अकारण घट्दैन । नेपालमा पनि विनाकारण संयोगले यस्तो हुन गएको पक्कै होइन । नेपालमा कम्युनिस्ट पार्टी फस्टाउनुको पछाडि मूर्त र सुदीर्घ कारण छन् । 'कम्युनिस्ट' यति व्यापकतामा फस्टाउनुको मुख्य कारण तिनले बहुसंख्यक जनमानस र आधारभूत वर्गलाई आफूतिर तान्न सक्ने गरी बोकेको राजनीतिक एजेन्डाले नै हो । यस्तो हुनुको अर्को मुख्य कारण समाजको वर्ग र जनसांख्यिक संरचना पनि हो । जगजाहेर छ, नेपाल यथास्थिति खोज्ने उच्च मध्यमवर्ग वा सामान्य सुधारले चित्त बुझ्ने मध्यमवर्गको हालीमुहाली भएको देश होइन । यहाँ कुल जनसंख्याको झन्डै १५–२० प्रतिशत मात्र उच्च मध्यम र मध्यमवर्ग छ । मूलतः आमूल परिवर्तन खोज्ने र परिवर्तनका लागि लामो समय धैर्य गर्न नसक्ने निम्नमध्यम वर्ग र श्रमिक वर्गको अत्यधिक बहुमत भएको देश हो नेपाल । देशको कुल जनसंख्याको झन्डै पाँचमा चार भाग निम्नमध्यम वर्ग र श्रमिक वर्ग छ । यी वर्गको पनि निकै ठूलो हिस्सा निम्नमध्यम किसान, गरिब किसान र जमिनबाट बेदखल गरिएका भूमिहीन किसानको छ । जो रोजगारी तथा विकासको अवसरको खोजमा बेरोजगार, श्रमिक वा शिक्षार्थी बनेर गाउँबाट सहर बजारमा वा विदेशमा लाखौँको संख्यामा हरेक साल ओर्लिरहेछन् । नेपालको मूल जनसांख्यिक प्रवृत्ति यस्तो छ कि गाउँ रित्तिँदै गइरहेछन् र देशी–विदेशी सहर–बजारमा स्वतन्त्र र फुक्काफाल नेपाली युवाको कुँडुलो लागेको छ । खेती–किसानी र परम्परागत सम्बन्धबाट स्वतन्त्र भएको जनसमुदायको यो विशाल हिस्सा यथास्थितिबाट वाक्क, अधैर्य र विद्रोही चरित्रको देखिन्छ । अतः यो समुदाय सामान्य सुधार होइन, हमेसा आमूल परिवर्तन र सशक्त संघर्षको वामपन्थी एजेन्डामा सजिलै आकर्षित हुने गर्छ । एकदमै चलायमान यो विशाल जनसमुदायको मन जसले जित्छ, नेपाली राजनीतिको लगाम उसैको पोल्टामा जाने गरिरहेको छ । नेपालका कम्युनिस्टले राष्ट्रियता, लोकतन्त्र, समाजवाद र जनजीविकाको रूपान्तरणकारी एजेन्डामार्फत समाजको गर्भबाट पैदा भएको यही नयाँ वर्ग र जनसमुदायलाई आफूतिर आकर्षित गर्न सकेको हुनाले नेपालमा कम्युनिस्ट सबैभन्दा जनव्यापी र शक्तिशाली भएका हुन् ।

०२० को दशकसम्म बिपीको राजनीतिक नेतृत्व छउन्जेल एक हदसम्मको पुँजीवादी लोकतान्त्रिक समाजवादी चरित्रको रूपान्तरणको एजेन्डा कांग्रेससित विद्यमान थियो । उनी प्रधानमन्त्री हुँदा उनकै जोडबलका कारण कांग्रेसले सामन्तवादविरूद्ध बिर्ता उन्मूलन र राज्य रजौटा उन्मूलन जस्तो क्रान्तिकारी एजेन्डा कार्यान्वयन गर्न सम्भव भएको थियो भने भूमिसुधार र पूर्व–पश्चिम राजमार्गको योजनासमेत उनको सोच थियो । यस्तै रूपान्तरणकारी एजेन्डाका कारण यी वर्ग र जनसमुदायको समर्थनबाट ०२० को दशकसम्म त्यो दल देशको सबैभन्दा ठूलो र लोकप्रिय राजनीतिक दल हुन सम्भव भएको थियो । तर, ०३० को दशकमा पुग्दा सामन्तवादको मूल प्रतिनिधि राजतन्त्रसितै राष्ट्रिय मेलमिलापको एजेन्डा बोकेर बिपी र कांग्रेसनेतृत्व भारतबाट फर्केपछि उनको सामन्तवादविरोधी संघर्ष र स्वर पहिलेजस्तो रहेन । राष्ट्रियता र जनजीविकाको एजेन्डा पनि प्रभावकारी ढंगले उठाउन सकेन । कांग्रेस त्यसपछि सामन्तवादको मुख्य पहरेदार राजतन्त्रसित मिलेर कम्युनिस्टलाई पाखा लाउने दिशातिर अग्रसर भयो । उसले श्रमिकको ज्याला वृद्धि, भूमिसुधार र कृषि क्रान्तिको एजेन्डा मात्र छाडेन, आफैँले सबैभन्दा पहिले उठाएको संविधानसभाको एजेन्डासमेत छाड्यो । समाजको जगमा पुँजीवादी स्वतन्त्रता खोज्ने, सामाजिक न्याय, समता र समाजवाद खोज्ने निम्नमध्यम र श्रमिक वर्गको अत्यधिक बहुलता, तर कांग्रेसद्वारा त्यही वर्गको हित र उनीहरूको जीवनमा आमूल परिवर्तन ल्याउने एजेन्डा परित्याग गरेका कारण देशको राजनीतिमा निर्णायक रहेको यो वर्ग कांग्रेस छाडेर 'कम्युनिस्ट'प्रति आकर्षित भएको हो ।

ऐतिहासिक रूपमा हेर्ने हो भने ००७ सालयता नेपालमा भएका सामन्तवादविरोधी ठुल्ठूला किसान आन्दोलन कम्युनिस्ट नेतृत्वमा मात्र भएका देखिन्छन् । चाहे त्यो काठमाडौं उपत्यकाको मोहियानी हक र बेठबेगारीलाई लिएर भएको आन्दोलन होस् वा रौतहट किसान विद्रोह । चाहे पूर्वी तराईको जयगोविन्द साह, सूर्यनाथ यादव र ऋषि देवकोटा अगुवाइको किसान आन्दोलन वा सुदूरपश्चिममा भीमदत्त पन्तले सञ्चालन गरेको किसान विद्रोह, चाहे झापा विद्रोह होस् वा देशका अन्य भागमा चलेका किसान आन्दोलन– सबै कम्युनिस्टले नै अगुवाइ गरेका आन्दोलन थिए । काठमाडौं उपत्यका किन कम्युनिस्टको गढ भइरहेको छ र भक्तपुरमा नेमकिपा किन चुनाव जित्छ ? भन्ने कुराको वस्तुगत उत्तर खोज्ने हो भने यी ठाउँमा कम्युनिस्ट नेतृत्वका सामन्तवादविरोधी किसान आन्दोलनमा जानु आवश्यक हुन्छ । यसैकारण देशका अन्य भागमा भन्दा उपत्यकामा तल्सिङको तुलनामा मोही बलिया भए र आफूले कमाएको ५० प्रतिशत जमिनमा मोहियानी हक हासिल गरे । किसानको अत्यधिक बाहुल्य भएको मुलुक र बहुसंख्यक किसानको समर्थन कम्युनिस्टलाई हुनुको मुख्य कारण इतिहासको निश्चित कालखण्डमा कम्युनिस्टले देशका सबै भागमा चलाएको सामन्तवादविरोधी किसान आन्दोलन हो भनेमा कुनै अत्युक्ति हुँदैन ।

यति मात्र होइन, राष्ट्रियताको पहरेदारीमा पनि कम्युनिस्ट अग्रस्थानमा देखिए । भारतसितको असमान सन्धिको विरोधमा कम्युनिस्टले प्रारम्भदेखि नै सबैभन्दा प्रखर आवाज उठाइरहे । गाँस, वास, कपास तथा शिक्षा/स्वास्थ्य र रोजगारीलाई नागरिकको मौलिक हक र राज्यको जिम्मेवारी बनाउने सवालमा तिनको पहलकदमी निर्णायक रह्यो । दलित र महिलालाई समान हक दिलाउने कुरामा समेत उनीहरू अन्य राजनीतिक दलभन्दा अघि रहे । समतामूलक समावेशी लोकतन्त्रको एजेन्डा पनि सर्वप्रथम यहाँका कम्युनिस्टबाटै उठान भयो । राज्यले स्विकार्नुअघि देशभरि स्वायत्त प्रदेश बनाएर संघीयतालाई व्यवहारमा सबैभन्दा पहिले अभ्यास गर्ने कार्यको अगुवाइ तिनले नै गरे । सारमा यी सबै कामको कुल योगबाट नेपालका कम्युनिस्ट अरू दलभन्दा ज्यादा बलशाली बन्न पुगेका हुन् ।

परन्तु नेपालका 'कम्युनिस्ट'को विशेषतः सत्तारूढ 'कम्युनिस्ट'को, विगत जति गौरवमय छ, वर्तमान त्यस्तो प्रेरणादायक देखिँदैन । सरकारमा जानुअघि उनीहरू नेपाली राज्यसत्ताको चरित्र समाजवादउन्मुख ढंगले बदल्छौँ भनेर गएका हुन् । तर, सत्तारूढ भएपछि नेपाली राज्यसत्ताको पुँजीवादी–फाँसीवादी चरित्र भने खासै बदलिएको छैन । बरू बदल्न जानेहरू स्वयं पुँजीवादअनुकूल बदलिए । राज्यको नोकरशाहीतन्त्र अहिले पनि त्यत्तिकै भ्रष्ट, गैरजनमुखी र राष्ट्रहितविरोधी छ जति 'कम्युनिस्ट' सरकारमा जानुअघि थियो । राज्यसत्तामा र उत्पादनको ढाँचामा समाजवादी सत्तामा गएको कुनै लक्षण भेटिँदैन । नागरिक सरकारी अड्डा–अदालतमा गयो भने पैसा र पावर छ भने कानुनले नदिने काम पनि सजिलै बन्छ, छैन भने कानुनले तोकेको काम पनि बन्दैन । सिंहदरबारको परम्परागत पुँजीवादी राज्यसत्ताको पाइप यति बलवान देखिएको छ कि पाइपको एउटा मुखबाट पुष्पकमल दाहाल 'प्रचण्ड' हालियो भने पाइपको अर्को मुखबाट एकै वर्षमा ऊ शेरबहादुर देउवा वा सोहीसरह यथास्थितिवादी भएर निक्लन्छ । जतिवेला सशस्त्र विद्रोहको रापतापबाट भर्खरै प्रचण्ड संविधानसभाको पहिलो निर्वाचनबाट ठूलो दलको नेता हुँदै तीनचौथाइ बहुमतको समर्थनमा सरकारको नेतृत्व सम्हाल्न आएका थिए, त्यतिवेला राज्यसत्ता र उत्पादन प्रणालीको चरित्रमा आमूल रूपान्तरण गर्ने ठूलो अवसर उनलाई प्राप्त थियो । तर, बनीबनाउ पुँजीवादी राज्यसत्तामै घुलमिल भएर त्यो मौका उनले नराम्ररी गुमाए ।

गतः वर्ष संविधान जारी भई निर्वाचनबाट झन्डै दुईतिहाइको बहुमत ल्याएपछि नेकपाका अध्यक्ष केपी ओलीले त्यस्तै र त्योभन्दा ठूलो मौका हासिल गरेका छन् । तर, एक वर्ष बितिसक्दा पनि उनी नेतृत्वको 'कम्युनिस्ट' सरकारले राज्यसत्ताको चरित्र, शिक्षा, स्वास्थ्य र उत्पादन प्रणालीमा समाजवादी दिशामा आमूल परिवर्तन गर्ने कुनै लक्षण देखाएको छैन । स्वयं आफ्नै शिक्षामन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले शिक्षालाई समाजवादउन्मुख बनाउन सुस्पष्ट सुझावसहित गत माघ १ मा सरकारलाई प्रतिवेदन बुझाएको जगजाहेर छ । तर, अढाइमहिना बितिसक्दा पनि प्रधानमन्त्रीले सम्भवतः नाफामुखी शिक्षाको वकालत गर्ने शैक्षिक माफियाको कुप्रभाव तथा दबाबमा परेर त्यो प्रतिवेदन सार्वजनिक गर्ने इच्छा देखाएका छैनन् । त्यसअनुकूल कानुन बनाउने त टाढाको कुरा रह्यो । अहिले पनि देशमा दुईथरी शिक्षा छ– गरी खाने वर्गका लागि एउटा गुणस्तरको शिक्षा । हुनेखानेका लागि अर्को गुणस्तरको शिक्षा । स्वास्थ्यको क्षेत्रमा पनि ठीक त्यस्तै स्थिति छ । शिक्षा र स्वास्थ्यमा रहेको यो चरम भेदभावयुक्त पुँजीवादी पर्खाल भत्काएर सबैका लागि एउटै र उच्च गुणस्तरको समतामूलक समावेशी शिक्षा र स्वास्थ्य प्रणाली लागू गर्ने तत्परता कम्युनिस्ट सरकारले कहीँकतै देखाएको छैन । यसरी एउटा अभूतपूर्व ऐतिहासिक अवसर फेरि गुम्ने लक्षण देखिसकिएको छ ।

कम्युनिस्टले राज्यसत्ताको ढाँचामा परिवर्तन गर्ने हो भने अड्डा र अदालतलगायत सबै ढाँचामा गर्नुपर्ने मूलभूत परिवर्तन– राज्यका संरचनालाई जनमुखी, स्वच्छ, पारदर्शी र पूर्वानुमानयोग्य प्रणालीका आधारमा सञ्चालित र जनताको पहुँचयोग्य बनाउनुपर्ने हो । ताकि पैसा र शक्तिका भरमा मात्र होइन कि कानुन र नियम पुर्‍याएपछि सर्वसाधारण श्रमिक, छाप्रे र ढाक्रेको काम पनि सजिलै हुन सकोस् । न्याय गरी खाने वर्गका लागिसमेत सर्वसुलभ होस् । तिनले राज्यका सबै ढाँचामा योग्य, सक्षम, स्वच्छ र गरी खाने वर्गका मानिसलाई अधिकतम संख्यामा पुर्‍याउनुपर्ने हो । ताकि राज्यका सबै संयन्त्र र न्यायमा गुणतन्त्र, जनमुखी प्रणाली र समतामूलक पहुँच कायम होस् र पैसा तथा शक्तिको एकछत्र हालीमुहाली समाप्त होस् । अहिले त प्रविधिले पनि राज्यसंरचनालाई यस्तो बनाउन सहज र सजिलो बनाएको छ । तर, राज्यसंरचनालाई यो दिशामा डोर्‍याउने कुनै लक्षण देखापरेको छैन । बरू पुरानै राज्यसंरचनामा दुईतिहाइ बहुमतको कम्युनिस्ट सरकार ढालिने सम्पूर्ण लक्षण देखा परिरहेको छ ।

कम्युनिस्टले उत्पादन प्रणालीमा समाजवादउन्मुख आमूल परिवर्तन गर्ने हो भने सर्वप्रथम जल, जमिन जंगल र अन्य प्राकृतिक स्रोत–साधनमा सामुदायिक स्वामित्व र सर्वोच्चता कायम गर्नुपर्ने हो । उत्पादक किसान र उपभोक्तालाई नाफाखोर बिचौलियाको सिन्डिकेटबाट हुने चरम ठगीबाट मुक्त गर्नका लागि देशव्यापी रूपमा उत्पादन तथा वितरण सहकारी, कोल्ड स्टोरेज र किसानको उपज उचित मूल्यमा किनिदिने र बजारमा पुर्‍याइदिने सरकारी संयन्त्र गठन गर्नुपर्ने हो । पहिले नै भएका खाद्यसंस्थान, कृषि सामग्री संस्थान, नेसनल ट्रेडिङ र साल्ट ट्रेडिङजस्ता सरकारी स्वामित्वका संस्थालाई यस दिशामा निर्देशित र पुनर्गठन गर्नुपर्ने हो । उसले प्रगतिशील भूमिसुधार र कृषि क्रान्तिको योजना लागू गरेर जमिनको स्वामित्व वास्तविक उत्पादन गर्ने किसानका हातमा दिनुपर्ने हो । उच्च प्रोत्साहन नीतिसाथ जोताहा किसानका सहकारी देशव्यापी रूपमा गठन गर्नुपर्ने हो । जमिनमा गयल जमिनदारी समाप्त पार्दै जमिन बाँझो राखेमा राज्यले जफत गर्ने नियम लागू गर्नुपर्ने हो । तर, 'कम्युनिस्ट सरकार' यो दिशामा कहीँकतै अग्रसर देखिँदैन । ठीकविपरीत पार्टी नेतासित अत्यन्त राम्रो सम्बन्ध बनाएका नाफाखोर बिचौलिया डनको प्रभावमा परेर कृषिको बजेट आधै घटाएको छ– ८१ अर्बबाट ४० अर्बमा ओरालेको छ । यी सबै परिघटनाबाट यस्तो सन्देश जाँदै छ कि नेपालका कम्युनिस्ट राजनीतिक क्रान्ति गर्न समर्थ छन्, क्रान्तिपछि राज्यसत्ताको समाजवादी व्यवस्थापन गर्न अयोग्य र असक्षम । सत्तामा जानका लागि आकर्षक आश्वासन बाँड्न सिपालु छन्, तर लागू गर्ने वेला बाचा र घोषणापत्र बिर्सन माहिर छन् ।

नेपालका कम्युनिस्टको सबैभन्दा ठूलो सीमा यो हो कि उनीहरू कम्युनिस्ट अर्थात् समुदायवादी कम छन्, पुँजीवादी, व्यक्तिवादी ज्यादा छन् । कम्युनिज्म शब्द 'कम्युनर' तथा 'कम्युन' भन्ने फ्रेन्च शब्दबाट आएको हो र यसको वास्तविक अर्थ साम्यवाद नभएर साझावाद वा समुदायवाद हो । व्यक्तिगत नाफा, व्यक्तिगत सम्पत्ति र व्यक्तिगत हितको प्रधानता पुँजीवाद हो भने समुदायको उन्नति र हितमै मेरो उन्नति र हितसमेत जोडिएको छ र अतः उत्पादनका सबै साधनमा सामुदायिक स्वामित्व, सामुदायिक नाफा तथा सामुदायिक सर्वोच्चता स्थापित गर्नु नै कम्युनिज्मको मुख्य सार हो । मानवमाथि मानवबाटै हुने कुनै पनि प्रकारको शोषण/उत्पीडन र भेदभाव समाप्त पार्नु अनि यी सबैलाई समतामूलक समावेशी समृद्धिको दिशातिर डोर्‍याउनु कम्युनिज्मको मुख्य ध्येय हो । तर, यो ध्येयतिर नेपाली कम्युनिस्ट अग्रसर नै देखिँदैनन् । बरू उनीहरू सबै खालका भेदभाव, उत्पीडन र खाडलको निरन्तरतातिर पो उन्मुख देखिन्छन् ।

तिनको जनपक्षता, संघर्षशीलता, राष्ट्रियताको पहरेदारी र श्रमिक वर्गीय पक्षधरतामा नराम्ररी खिया लाग्न थालेको छ । सिंहदरबारमा आएपछि हिजो सुतेको फाटेको सुकुल बिर्सिन थालेको अनुभूति जनस्तरमा हुन थालेको छ । ती कुनै पुँजीवादीभन्दा ज्यादा पुँजीवादी/व्यक्तिवादी देखापरिरहेका छन् । समुदायवाद रामनामी वस्त्रसिवाय केही रहेको देखिँदैन । संसारमा स्थिरताको नियमबाहेक कुनै पनि कुरा स्थिर छैन । नेपालका 'कम्युनिस्टहरू'को लोकप्रियता र बलशालिता पनि चिरस्थायी कुरा होइन । आफूलाई कम्युनिस्ट भन्ने, तर कामचाहिँ पुँजीवादको सबलीकरणको दिशामा मात्र गर्ने हो भने विगतका जुन कामले नेपाली कम्युनिस्ट यति लोकप्रिय र बलशाली भएका हुन् सत्तामा पुगेपछि त्यो काम नगर्ने हालको प्रवृत्तिलाई अविलम्ब नबदल्ने हो भने विगतमा जस्तो कीर्तिमानमा कम्युनिस्टहरू लोकप्रिय र बलशाली भइराख्ने सम्भावना हुँदैन । तिनले ओगटिरहेको बहुसंख्यक वर्ग र समुदायको समर्थनको जमिन ओगट्न अरू शक्ति आइसकेको हुनेछ । उनीहरूको लोकप्रियता र बलशालिता अर्को चुनावअघि नै समाप्त भइसकेको हुनेछ । त्यो क्रम सुरू भइसकेको छ ।

(नयाँ पत्रिकाबाट)

हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको
सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख,
शान्ति, समृद्धि, सुस्वास्थ्य, दिर्घायुको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

नेपाल टेलिकम, परिवार

# सीके राउत परिचालित त थिएनन् ?

डा.मनोज मुक्ति

सीके राउतको आन्दोलन पृथकतावादी थिएन । उहाँ अभियन्ता पनि होइन । राउत र सरकारबीच भएको ११ बुँदे सहमति कुनै नौलो, ऐतिहासिक, अनौठो भविष्यमा दूरगामी असर पार्ने, नेपालको राजनीतिमा एकदमै नयाँ मोड आउँछ अब भन्ने केही होइन । यो सबै पुरानै तरिका हो त्यसमा खासै नयाँपन छैन । यो कदमलाई सकारात्मक वा नकारात्मक रूपमा लिनुपर्ने कुनै आवश्यक्ता छैन ।

सिके राउतले निकाल्नुभएको पर्चा र पम्पलेटको आधारमा सीके राउतलाई पृथकतावादी वा विखण्डनकारी भन्ने हो भने सीके राउत थुनामा हुँदा खेरी उहाँको गतिविधिले कही कतै विखण्डनको कुरा गरेको छैन भनेर सर्वोच्च अदालतले नै प्रमाणित गरिसकेको छ । कुनै पनि राज्यको चारवटा अंग हुन्छ कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र संचार माध्यम । ऐन, कानुन बनाउने संसदले हो त्यसको कार्यान्वयन गर्ने कार्यपालिकाले हो भने त्यसको व्याख्या, विश्लेषण गर्ने न्यायपालिकाले हो । न्यायपालिकाले नै होइन भनेर भनिसकेको विषयलाई फेरि उठाउन जरूरी हुँदैन । ८/९ वर्ष पहिले जनतान्त्रिक तराई मुक्ति मोर्चा र नेपाल सरकारबीच पहिलो पटक जुन औपचारिक वार्ता भएको थियो, पुष्पकमल दाहाल प्रधानमन्त्री भएको समयमा नेपाल सरकारले जुन दफा र धाराहरूमा टेकेर जुनस्तरबाट माओवादीसँग वार्ता गरेको थियो, त्यही स्तरमा त्यही धारा र प्रक्रियाहरूमा टेकेर हामीसँग पनि वार्ता गरेको थियो । अहिले सीके राउतसँग नेपाल सरकारले ११ बुँदे सहमति गरेको छ त्यो भन्दा अझै बलिया र कडा वार्ता त हामीसँगै भइसकेको थियो तर खै कार्यान्वयन ? अहिलेसम्म भएको छैन । त्यस कारण सीके राउतसँग भएको सम्झौतालाई अनौठो र नयाँ कुरा भनिराख्न जरूरी छैन ।

जिल्ला अदालतहरू र जिल्ला प्रहरी कार्यालयहरूबाट उहाँलाई जुन थुनछेक गरिँदै थियो त्यो न्याय संगत थिएन । गैरन्यायिक व्यवहार भएको हो उहाँमाथि । राज्यका आफ्नै विभिन्न हतकण्डाहरू हुन्छन् । कोही व्यक्तिलाई हाइलाइटमा ल्याउने कुनै व्यक्तिलाई डाउन गर्ने गतिविधिहरू भइ नै रहन्छन् । कुनै किसिमका आन्दोलनहरू चलिरहेको समयमा त्यहाँ घुसपैठ गराएर त्यो आन्दोलनलाई विस्तारै समाप्त पार्ने जस्ता विभिन्न षड्यन्त्रहरू राज्य संचालनहरूबाट नै भइरहेका हुन्छन् । सीके राउतले सरकारसँग सहमति गर्दा गर्नुभएको भाषणमा म विगतमा पनि उच्च पदस्थ नेताहरूको सम्पर्कमा थिएँ भन्ने आशय व्यक्त गर्नुभयो । सुशील कोइराला, शेरबहादुर देउवा केपी ओली, प्रचण्ड लगायत व्यक्तिको सम्पर्कमा भएको पनि बताउनुभयो । ५ वर्ष जेलमा बस्दा मैले धेरै कुरा सिकेँ भनेर राउतजीले भन्दै गर्दा उहाँ राज्य तर्फबाट नै परिचालित हुनुहुन्थ्यो कि भन्ने शंका गर्ने ठाउँ रह्यो । उहाँले स्टेटमेन्टको प्रत्येक शब्दको विश्लेषण गर्ने हो भने राष्ट्रिय सभा गृहमा उहाँले भाषण गर्दाको क्षण हेरेर विश्लेषण गर्दाखेरी शंका बढ्दै जाने देखिन्छ । भविष्यमा जनताले यी विषयहरूलाई विश्लेषण गर्छन् र बुझ्छन् भन्ने विश्वास छ । विगतदेखि आजसम्मको गतिविधिलाई सुक्ष्म अध्ययन र अनुसन्धान गर्दाखेरी राष्ट्रिय राजनीतिक शक्ति केन्द्र वा विदेशी राजनीतिक शक्ति केन्द्रले नै राउतजीलाई परिचालन गरेको त होइन भन्ने लाग्ने ठाउँ रहन्छ । मधेशमा विभिन्न खालका अधिकार र पहिचानवादी आन्दोलन चलिरहेको समयमा त्यसलाई मत्थर पार्नका लागि कहिँकतैबाट सीके राउत परिचालित त थिए कि भन्ने विषयहरू उठ्न थालेको छ ।

अहिले अचानक आएको परिदृश्यले त्यस्तै गन्ध आउन थालेको छ । प्रमाणित भईसकेको होईन शंकाको घेरामा छ भन्न सकिन्छ । सीके राउतजीले आज पी.एच.डी गर्नुभएको र आज मात्र वुद्धि पलाएको भन्ने होईन । उहाँले धेरै पहिले विदेश गएर पी.एच.डी गर्नुभएको हो । यति वर्ष केही नहुने ३/४ वर्षदेखि अचानक नेपालमा आएर मधेशको मुद्दा उठाउनु, आक्रामक रूपले प्रस्तुत हुनु, अन्य कुनै संगठनले राज्यसँग कुनै सम्झौता गर्‍यो भने विचौलिया, दलाल भनेर गालीगलौच गर्नु, विभिन्न किसिमका उत्तेजक भाषणहरू गरेर जनतालाई भुलाउने व्यक्तिले राष्ट्रियसभा गृहमा बोल्दा प्रयोग भएको शब्दहरूको सुक्ष्म विश्लेषण गर्दा जो कोहीले नै अन्दाज लगाउन सक्छ उहाँ कहाँबाट परिचालित हुनुभएको रहेछ भनेर ।

यो परम्परागत प्रवृति हो । जनताको आँखामा धुलो छर्ने र आफैँद्वारा प्रायोजित र सुनियोजित नाटकीय राजनीतिक घटनाक्रमलाई जनताको सामु प्रस्तुत गर्नु मात्र हो । यदि वास्तवमा देश र जनताप्रति नेपाल सरकार गम्भीर छ भने अहिलेको संघीय लोकतान्त्रिक संविधानलाई बचाउन चाहन्छ र समृद्ध नेपाल सुखी नेपालीको नारा साकार गर्न चाहन्छ भने विगतमा हामीसँग भएको सहमति र सम्झौता कार्यान्वयनको दिशामा अगाडि बढाउन जरूरी छ । यदि त्यो सम्झौता कार्यान्वयन हुने हो भने देशमा न त कुनै आन्दोलन हुन्छ न अर्को सम्झैताको जरूरत पर्छ ।

११ बुँदे सहमतिले मधेशको राजनीतिमा खासै कुनै फरक पर्दैन । सीके राउतजीले हिजोका दिनमा त्यति धेरै गाली गर्दा पनि राजपा र फोरमलाई जनताले साथ दिएर जिताएकै हो । सीके राउतजी हिजो पनि हुनुहुन्थ्यो आज पनि हुनुहुन्छ उहाँसँग न कुनै संगठन छ, न राजनीतिक उद्देश्य छ, न कुनै राजनीतिक भिजन छ । त्यसैले उहाँले ११ बुँदे सम्झौता गर्नुहोस् वा २ हजार बुँदा सम्झौता गर्नुहोस् त्यसले मधेशमा जारी आन्दोलनमा कुनै फरक पर्दैन ।

नेपालको सरकारी संयन्त्र एकदम ढिला काम गर्छ । विभिन्न आयोगहरूले बुझाएको प्रतिवेदनमा छलफल भईरहेको छ भन्ने जानकारी आएको छ । सम्झौता कार्यान्यवयन हुन्छ भन्नेमा आशावादी छौं ।

हाम्रो खासै ठूला मुद्दा छैनन् । राजनीतिक सहमतिहरू पहिलेकै वार्ताहरूमा भईसकेका थिए । हामीले उठाएका राजनीतिक मुद्दाहरूलाई सम्बोधन गर्ने दिशामा सरकार अगाडि बढेको छ । बन्दी रिहाई, मुद्दा फिर्ता जस्ता विषयहरू समेटेर सम्झौता भएको छ । २०६१ सालदेखि हामी राजनीतिक शक्तिकै रूपमा छौं । हामी अहिले पनि जनताकै बीचमा छौं । सेवाको हिसाबले राजनीतिमै लाग्ने सोचाई छ । सरकारले हामीसँग गरेको सम्झौता कार्यान्वयन गरेपछि पनि हामी कुनै अर्को संगठनमा गएर मिल्ने सम्भावना अहिलेसम्म छैन । मुद्दा र विचार मिल्ने वा अचानक कुनै राजनीतिक घटनाक्रमले हामी अरू कोहीसँग मिल्न पनि सक्छौं होला तर वर्तमानमा त्यो सम्भव छैन । हामी आफ्नै हिसाबले अगाडि बढ्छौं ।

# प्रदेश ३ को पर्यटन क्षेत्रमा १० प्रतिशत खर्च

प्रदेश ३ सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहने गरी ६ महिनाअघि स्थापना गरेको पर्यटन विकास आयोजनाले १० प्रतिशत मात्र खर्च गरेको छ । मन्त्रालयबाट विनियोजन भएको ९१ करोडमध्ये आयोजनाले ११ करोड रूपैयाँ मात्र खर्च गरेको हो ।

आयोजना प्रमुख राजु क्षत्रीले प्रदेश सरकारले आयोजना स्थापना गरेपछि आयोजनामातहतबाट हुने काम र व्यवस्थापनमा समय खर्चिएकाले बजेट खर्च न्यून भएको बताए । उनले तुलनात्मक रूपमा आयोजनाबाट भएको खर्च चित्तबुझ्दो रहेको पनि दाबी गरे । पर्यटन विकाससम्बन्धी साना–ठूला गरी २४ वटा योजनामा ७ करोड १८ लाख रूपैयाँ खर्च भएको आयोजना प्रमुख क्षत्रीले जानकारी दिए ।

५० लाख रूपैयाँसम्मका योजनाहरू उपभोक्ता समितिमार्फत र सोभन्दा बढी रकमका योजनाहरू टेन्डरमार्फत सम्पन्न गर्ने काम गरिएको क्षत्रीले जानकारी दिए । आयोजनाले प्रदेश ३ का १३ जिल्लाका १ सय ९२ वटा साना–ठूला योजना सूचीकृत गरी काम सुरू गरेको छ । आयोजानाले प्रदेश ३ को पर्यटन क्षेत्रको ब्रान्ड र लोगो चैत महिनाभित्रै सार्वजनिक गर्ने तयारी भइरहेको जनाएको छ । पर्यटन क्षेत्रको विकासका लागि के कुरालाई ब्रान्डिङ गर्ने र लोगो कस्तो बनाउने भन्ने विषयमा विज्ञहरूसँग छलफल चलिरहेको क्षत्रीले बताए । काजमा ल्याइएका १५ जना कर्मचारीबाट १३ वटै जिल्लाको पर्यटन पूर्वाधार निर्माणदेखि पर्यटकको सेवासुविधाको अनुगमनसमेत गर्नपरेको पनि उनको भनाइ छ ।

प्रदेश ३ का ऐतिहासिक र सामरिक महत्वका १३ वटा गढीहरूलाई पनि आयोजनाले उच्च प्राथमिकतामा राखेर काम गर्न लागेको छ । प्रदेश ३ को पर्यटन नीति, नियमावली, निर्देशिका, कार्यविधि निर्माणको काम पनि अन्तिम चरणमा पुगेकाले आगामी वर्षदेखि पर्यटनको क्षेत्रमा सोचेभन्दा बढी नै उपलब्धिमूलक काम हुने आयोजना प्रमुख क्षत्रीले बताए । ०७५ असोज २२ गतेको प्रदेश मन्त्रिपरिषद् बैठकले पर्यटन विकास आयोजना स्थापना गर्ने निर्णय गरेको थियो । आयोजनाले धादिङमा ट्रेकिङ इन्स्टिच्युट र दोलखामा माउन्टेनिङ इन्स्टिच्युट स्थापना गरी विभिन्न किसिमका तालिम प्रदान गर्ने तयारी गरिरहेको छ ।

चालू आर्थिक वर्षमा आयोजनाले कम्तीमा ३ वटा ट्रेकिङ रूटको पहिचान गरी पूर्वाधार विकास गर्न लागेको छ । सिन्धुपाल्चोकको पाँचपोखरी सर्किट ट्रेल (चौतारबाट पाँच पोखरी हुँदै मेलम्ची निस्किने)लाई व्यवस्थित गरी सञ्चालनमा ल्याउने काम गर्न लागिएको आयोजना प्रमुख क्षत्रीले जानकारी दिए । पाँच पोखरीमा हिउँ नपग्लेका कारण यो रूटको डिपिआर तयार गर्न ढिलाइ भएको उनले बताए । त्रिभुवन राजपथलाई पर्यटकीय मार्गका रूपमा विकास गर्ने विषयमा छलफल भइरहेको बताइएको छ । हेटौँडाबाट २ घन्टाको यात्रामा पुगिने त्रिभुवन राजपथको दामन सिमभञ्ज्याङ क्षेत्रमा थप होटेल विस्तार गर्न सकेमा भारतको बिहारका पर्यटकलाई आकर्षण गर्न सकिने आयोजनाले जनाएको छ ।

खेलकुद

# कतार विश्वकपमा सहभागी राष्ट्रसंख्या अझै अनिश्चित

मध्यपूर्वी एसियामा पहिलोपटक फुटबलको महासंग्राम विश्वकप प्रतियोगिताको मिति नजिकिँदै छ । गल्फ राष्ट्र कतारले पहिलोपटक विश्वकप आयोजनाको जिम्मेवारी पाउँदा ३ वर्षपछि हुने प्रतियोगिताको तयारीलाई तीव्र रूपमा अघि बढाइरहेको छ । कतारले विश्वकप तयारीलाई अन्तिम रूप दिँदै गर्दा फुटबलको सर्वोच्च निकाय फिफा भने एउटा प्रश्नमा अड्किएको छ । फिफामा कतार विश्वकपमा ३२ वा ४८ राष्ट्रबीच प्रतिस्पर्धा गराउने भन्ने अन्योल कायमै रहँदा आयोजकले अनौपचारिक दबाब महसुस गरेको छ । सन् २०२२ मा विश्वकपमा सहभागिता जनाउने राष्ट्रसंख्याबारे आयोजक कतारले फिफासँग जवाफ मागेको छ । फिफाले संख्या घोषणा गरेअनुसार नै आफूहरूले तयारी अगाडि बढाउनुपर्ने भएकाले फिफासँग सहभागी राष्ट्रको टुंगो लगाउन आग्रह गरेको विश्वकप आयोजक प्रमुख नासेर अलले जानकारी दिए ।

फिफामा दोस्रो कार्यकाल सम्हाल्ने तयारी गरिरहेका अध्यक्ष जियानी इन्फान्टिनोले फुटबललाई प्रतिस्पर्धात्मक बनाउन संख्या बढाउनुपर्नेमा जोड दिँदै आएका छन् । थोरै संख्याबीच प्रतिस्पर्धा हुँदा रोमाञ्चकता कम हुने इन्फान्टिनोको भनाइ छ । यसैकारण उनले गत महिना मात्र क्लब विश्वकप फुटबल पनि २४ राष्ट्रका क्लबबीच हुने घोषणा गरे । युरोपियन फुटबल महासंघले त्यसको विरोध जनाए पनि अन्य महादेशले इन्फान्टिनोको निर्णयको समर्थन जनाएका छन् । अब फिफा अध्यक्षको ध्यान विश्वकपलाई कसरी बढीभन्दा बढी प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने भन्नेमै केन्द्रित छ । त्यसकै तयारीस्वरूप उनले कतार विश्वकपमा सहभागी राष्ट्रको संख्या बढ्न सक्ने जनाउँदै आएका छन् । तर, विश्वकपको तयारीका लागि धेरै समय बाँकी नहुँदा पुरानै ३२ राष्ट्रबीच नै प्रतिस्पर्धा हुने आकलन पनि गरिँदै आएको छ । फिफा अध्यक्ष इन्फान्टिनो द्विविधामा रहँदा नै आयोजक कतारले उनीसँग अन्तिम सहभागी संख्या माग गरेको हो । विश्वकप आयोजनाका प्रमुख नासेरले मलेसियामा हालै सम्पन्न २९औँ एएफसी साधारणसभामा फिफा अध्यक्षसमक्ष आफ्नो धारणा राख्दै भने, 'हामीलाई सन् २०२२ को विश्वकपमा कति संख्या हुने भन्ने यकिन हुनुपर्‍यो, संख्याअनुसार नै हामी तयारीमा लाग्नेछौँ ।'

सन् २०१० मा कतारले विश्वकप आयोजनाको अधिकार पाएको थियो । कतारले विश्वकपको बाजी मार्दा आयोजकसँग १२ वर्षको तयारी अवधि थियो । तत्कालीन फिफा अध्यक्ष सेप ब्लाटरले ३२ राष्ट्रबीच विश्वकप हुने घोषणा गरेका थिए । साथै, विश्वकपका लागि ८ देखि १० वटा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण गर्नुपर्ने ब्लाटरले बताए । कतारले त्यहीअनुसार नै रंगशाला निर्माण गरेको छ । अहिले कतारले सबैलाई लोभ्याउनेकिसिमका ८ वटा रंगशाला बनाइरहेको छ । धेरैजसो रंगशालाको निर्माण कार्य लगभग अन्तिम चरणमा पुगेको छ । तर, फिफा अध्यक्ष इन्फान्टिनोले ४८ राष्ट्रबीच नै कतार विश्वकप हुने अन्तिम निर्णय दिए भने आयोजकलाई समस्या पर्न सक्छ । किनभने, ४८ राष्ट्रबीच विश्वकप प्रतिस्पर्धा हुँदा कम्तीमा पनि १२ वटा रंगशालाको आवश्यकता पर्छ । तीन वर्षको अवधिमा कतारले त्यो जिम्मेवारी पूरा गर्न सक्ने सम्भावना निकै कम रहेको नासेरले स्पष्ट पारेका छन् । 'हामीले ३२ राष्ट्रको सहभागिताअनुसार नै तयारी गरिरहेका छौँ, फिफाले ४८ राष्ट्र बनाउँदा समस्या आउन सक्छ,' उनले भने, 'तत्कालका लागि ३२ राष्ट्र नै उपयुक्त होला कि !'

क्वालालम्पुरमा भएको २९औँ एएफसी कंग्रेसमा सहभागी तथा फिफा प्रतिनिधिहरूले ४८ राष्ट्र हुँदा कतारले मात्रै आयोजनाको जिम्मेवारी पूरा गर्न नसक्ने धारणा राखे । उनीहरूले मध्यमार्गीका रूपमा सन् २०२२ को विश्वकपमा सहआयोजक राष्ट्रको प्रस्ताव राख्न पनि छुटाएनन् । यता फिफाका अध्यक्ष इन्फान्टिनोले पनि कतारबाहेक कुवेत तथा ओमानलाई पनि विश्वकपका सहआयोजक बनाउन सकिने धारणा सार्वजनिक गरेका छन् । यसको अर्थ हो, इन्फान्टिनो जसरी पनि कतार विश्वकपमा ४८ राष्ट्र पुर्‍याउने मनसायमा छन् । 'यदि विश्वकपलाई अहिलेको भन्दा उत्कृष्ट र रोमाञ्चक बनाउनु छ भने हामीले ओमान र कुवेतलाई सहआयोजक बनाउन सक्छौँ,' इन्फान्टिनोले आफ्नो धारणा प्रस्तुत गरेका छन् । तर, कतार भने सहआयोजक नभई एकलौटी रूपमा विश्वकप आयोजना गर्न चाहन्छ । विश्वकप आयोजक प्रमुख नासेरले पनि फिफा अध्यक्षको पछिल्ला प्रस्ताव सम्बन्धमा छलफल गर्न सकिने जनाएका छन् । 'थप आयोजक राष्ट्र बनाउने पक्षमा व्यापक छलफल हुनुपर्छ,' उनले भने, 'एकैपटक हामी निर्णय गर्न सक्दैनौँ ।' यता ओमान र कुवेत भने सहआयोजक बन्न तयार छन् । उनीहरूले फिफाको कोटेसनअनुसार नै तीन वर्षभित्र अन्तर्राष्ट्रियस्तरका रंगशाला बनाउन सकिने र विश्वकपसमेत सफलतापूर्वक आयोजना गर्न सकिने आश्वासन फिफालाई दिएका छन् ।

फिफा अध्यक्ष इन्फान्टिनोले आउँदो जुनमा फिफाको साधारणसभाले कतार विश्वकपको संख्या निर्धारण गर्ने जानकारी दिए । उनले भने, 'जुनमा फिफाको साधारणसभा छ, त्यसैमा म यो प्रस्ताव राख्छु,' उनले भने, 'मलाई विश्वास छ, ९० ।' गल्फ क्षेत्रमा बढ्दो राजनीतिक संकटले विश्वकपमा केही असर नगर्ने उनको भनाइ छ । साउदी अरेबियालगायत केही अरेबियन राष्ट्रले कतारमाथि प्रतिबन्ध लगाएका छन् । 'त्यस क्षेत्रमा देखिएका समस्याले विश्वकपमा असर गर्दैन,' इन्फान्टिनोले भने ।

# कोहलीलाई विस्डेन उपाधि

भारतका कप्तान विराट कोहली लगातार तेस्रोपटक विस्डेन क्रिकेटर अल्मानाकबाट सम्मानित भएका छन् । क्रिकेटसम्बन्धी विश्वकै पुरानो पत्रिका विस्डेनले क्रिकेटरले अन्तर्राष्ट्रिय खेलमा गरेको प्रदर्शनका आधारमा हरेक वर्ष उपाधि दिँदै आइरहेको छ । सन् २०१८ को सत्रमा कोहलीले टेस्ट, एकदिवसीय तथा टी–२० खेलमा एकैनाशको प्रदर्शन गरेको विस्डेनले जनाएको छ । विस्डेनले पाँच क्रिकेटरलाई उपधि प्रदान गरेको छ । जोस बटलर, साम कुरान, रोय ब्रुनर्स तथा टमी बेमाउन्ट वर्ष खेलाडीमा समावेश भएका छन् । महिलातर्फ भारतकी स्मृति मान्धनाले उपाधि हात पारिन् ।

कोहलीले गत वर्ष एकदिवसीय खेलमा सर्वाधिक रन जोडे । उनले भारतका लागि एकदिवसीय खेलमा १ हजार २ सय ९१ रन बटुलेका थिए । यसक्रममा उनले १३ अर्धशतक प्रहार गरे । कोहली एकदिवसीय खेलमा सचिन तेन्दुलकरको नाममा रहेको ४९ शतकनजिक पुगेका छन् । उनले २ सय २७ खेलमा ४१ शतकीय इनिङ खेलेका छन् । अब कोहलीले एकदिवसीय खेलमा ८ शतक मात्र हाने सचिनको विश्व कीर्तिमान बराबरी गर्नेछन् । समग्रमा कोहलीले गत वर्ष २ हजार ७ सय ३५ रन बटुलेका थिए । उनले ६८.३७ को औसतमा ब्याटिङ गरे । इंग्ल्यान्डका जोए रूटले गत वर्ष धेरै रन बनाउनेमा दोस्रो स्थान रक्षा गरेका थिए । उनी कोहलीभन्दा समग्रमा ७ सय रनले पछि परे ।

कोहली सन् २०१८ को सिजनमा उत्कृष्ट फर्ममा देखिए । उनले गत वर्ष ३७ इनिङमा ११ शतक प्रहार गरेका थिए । कोहलीले ९ मध्ये ७ शतक घरबाहिर बनाएका थिए । भारतले गत वर्ष दक्षिण अफ्रिका, इंग्ल्यान्ड र अस्ट्रेलियाको भ्रमण गरेको थियो । यी तीन राष्ट्रमै कोहलीले दमदार ब्याटिङ गरे । विशेषतः उनले इंग्ल्यान्डमा अविस्मरणीय प्रदर्शन गरे । इंग्ल्यान्डविरूद्धको टेस्ट सिरिजमा भारत ४–१ ले पराजित भए पनि कोहलीको ब्याट भने खुवै चल्यो । उनले पाँच टेस्टमा ५९.३० को औसतमा ५ सय ९३ रन जोडेका थिए । उनले एडबास्टन र ट्रेन्ट ब्रिजमा शतकीय इनिङ खेले । सन् २०१४ मा भारतले इंग्ल्यान्डको भ्रमण गर्दा कोहलीले केवल १ सय ३४ रन मात्र बनाएका थिए ।

## कर्पोरेट

### ग्लोबल आइएमई र सुमेरु हस्पिटलबीच सम्झौता

ग्लोबल आइएमई बैंक र सुमेरु सिटी हस्पिटलबीच बैंकका ग्राहकलाई हस्पिटलले प्रदान गर्ने विभिन्न सेवा तथा सुविधामा छुट दिने विषयमा सम्झौता भएको छ । बैंकले आफ्ना ग्राहकलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उद्देश्यले अस्पतालसँग दुईपक्षीय सम्झौता गरेको हो । सम्झौतापत्रमा सुमेरु सिटी हस्पिटलका प्रबन्ध निर्देशक सुनील डंगोल र ग्लोबल आइएमई बैंकका कार्ड बिक्री तथा बजार प्रवर्द्धन विभाग प्रमुख नवीन सुवेदीले हस्ताक्षर गरे । सम्झौतासँगै सुमेरु सिटी हस्पिटल पुल्चोकमा उपचार गराउँदा ग्लोबल आइएमई बैंकबाट डेबिट, क्रेडिट, प्रिमिलेज कार्ड लिएका बैंकका ग्राहक तथा ग्लोबल आइएमई बैंकका कर्मचारीले अस्पतालले प्रदान गर्ने विभिन्न सेवामा १० प्रतिशतसम्म छुट पाउनेछन् । ग्लोबल आइएमई बैंकले देशभर १ सय ३५ शाखा, १५ वटा राजस्व संकलन काउन्टर, १ सय ४२ एटिएम, ९ वटा एक्स्टेन्सन काउन्टर तथा १ सय २६ शाखारहित बैंकिङ सेवा र नेपालबाहिर ३ प्रतिनिधि-सम्पर्क कार्यालयमार्फत सेवा पुऱ्याउँदै आएको छ । बैंकले अत्याधुनिक प्रविधियुक्त भाइबर बैंकिङ सेवा, मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवाका साथै १५ लाखसम्मको विनाधितो प्रोफेसनल कर्जा पनि प्रदान गर्दै आइरहेको छ । अस्ट्रेलिया, बेलायत र भारतमा प्रतिनिधि-सम्पर्क कार्यालय रहेको बैंकले मलेसिया, दक्षिण कोरिया, साउदी अरेबिया, कतार, युएई, बहराइन, जोर्डन, बेलायत, भारतलगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै आएको छ ।

### हुन्डाईको नयाँ वर्ष योजना

हुन्डाई मोटर्सका लागि नेपालको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले नेपाली नया वर्ष ०७६ का अवसरमा उपहार योजना सञ्चालन गरेको छ । कम्पनीले सञ्चालन गरेको 'हुन्डाई न्यु इयर डिलाइट' योजनाअन्तर्गत ग्राहकले आकर्षक नगद छुट प्राप्त गर्न सक्नेछन् । योजनाअन्तर्गत ५० हजारसम्मको एक्सचेन्ज बोनस तथा १५ हजार रूपैयाँको लोयल्टी बोनस पनि प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । योजनाअन्तर्गत सबै हुन्डाई गाडीमा ४ वर्षको निःशुल्क सर्भिसिङ तथा ३ वर्षको वारेन्टीसमेत उपलब्ध हुनेछ । लक्ष्मी इन्टरकन्टिनेन्टलले हाल नेपालभर १५ डिलर तथा १७ सर्भिस सेन्टरमार्फत सेवा प्रदान गरिरहेको छ ।

### सिटिजन्स बैंकको डेपुटी सिइओमा देवकोटा

सिटिजन्स बैंक इन्टरनेसनलको नायब प्रमुख कार्यकारी अधिकृतमा बोधराज देवकोटा नियुक्त भएका छन् । देवकोटालाई बैंकको २४ चैतमा बसेको २९७औँ सञ्चालक समितिको बैठकले १ वैशाख ०७६ बाट लागू हुने गरी डेपुटी सिइओमा नियुक्त गर्ने निर्णय गरेको हो । हाल सहायक प्रमुख कार्यकारी अधिकृत रहेका देवकोटा सिटिजन्स बैंकको स्थापनाकालबाटै बैंकमा आबद्ध रहेको बैंकले जनाएको छ । काठमाडौं विश्व विद्यालयबाट वित्त व्यवस्थापनमा एमफिल तथा त्रिभुवन विश्वविद्यालयबाट वित्त व्यवस्थापनमा स्नातकोत्तर गरेका देवकोटा सिटिजन्स बैंकमा आबद्ध हुनुअघि नेपाल बैंकमा कार्यरत थिए । उनको बैंकिङ क्षेत्रमा २३ वर्षको अनुभव रहेको छ ।

### नेसनल लाइफद्वारा स्वास्थ्य शिविर सञ्चालन

रामप्रसाद खत्री स्मृति प्रतिष्ठानको आयोजना तथा खप्तड छान्ना गाउँपालिका र नेसनल लाइफ इन्स्योरेन्सको सह-प्रायोजनमा बझाङको खप्तड छान्ना गाउँपालिका- ४ नेटाकाटियामा दुई दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको छ । ब्रमस्थलस्थित दुर्गा महालिंग माविको परिसरमा सम्पन्न स्वास्थ्य शिविरमा लुम्बिनी अञ्चल अस्पताल, तिलोत्तमा हस्पिटल, तिलोत्तमा आँखा अस्पताल, आम्दा हस्पिटल बुटवल र हिमाल डेन्टल हस्पिटलका चिकित्सकहरूले सेवा प्रदान गरेका थिए । शिविरमा हाडजोर्नी, आँखारोग, स्त्रीरोग, बालरोगलगायत ७ विशेषज्ञ विधामा सेवा प्रदान गरिएको थियो । १० जनाले शल्यक्रिया सेवासमेत प्राप्त गरेको शिविरमा ३ सय ९४ जनाको अल्ट्रासाउन्ड तथा ३१ जनाको मोतीबिन्दुको शल्यक्रिया गरिएको थियो । शिविरमा करिब २२ लाख रूपैयाँबराबरको औषधिसमेत वितरण गरिएको थियो ।

### आइएमई जनरल इन्स्योरेन्सको आइजिआई विद्यार्थी बिमालेख

आइएमई जनरल इन्स्योरेन्सले १ देखि १२ कक्षासम्म अध्ययन गर्ने विद्यार्थीलाई लक्षित गरी आइजिआई विद्यार्थी बिमालेख सुरु गरेको छ । बिमालेखको शुभारम्भ कम्पनीका सञ्चालक प्रतापजंग पाण्डे र प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले गरे ।

कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरूलाई बिमा सुरक्षा प्रदान गर्ने उद्देश्यले आइजिआई विद्यार्थी बिमालेख शुभारम्भ गरिएको कम्पनीले जनाएको छ । बिमालेखले सम्बन्धित विद्यार्थीसँगै विद्यार्थीको अभिभावकको पनि सुरक्षा प्रदान गर्ने बताइएको छ । बिमालेखले विद्यार्थीको चौबिसै घन्टा सुरक्षा प्रदान गर्ने भएकाले कुनै कारणले विद्यार्थी दुर्घटनामा परेमा अभिभावक र विद्यालयलाई आर्थिक भारबाट मुक्त गराउने बिमालेखको उद्देश्य रहेको कम्पनीले जनाएको छ ।

शिक्षा, स्वास्थ्य तथा कृषिमा सेवा केन्द्रित गरिरहेको आइएमई जनरल इन्स्योरेन्सले कृषिमा खासगरी मौरीपालनको बिमा गर्दै आएको छ ।

### प्रभु बैंकद्वारा सैनिक सहुलियत कर्जा प्रदान

प्रभु बैंकले सैनिकका सन्ततिलाई प्राविधिक शिक्षण सहुलियत कर्जा प्रदान गर्न सुरु गरेको छ । सहुलियत रूपमा कर्जा प्रदान गर्ने विषयमा सैनिक कल्याणकारी कोष र प्रभु बैंकबीच सम्झौता भएको थियो । प्रधानसेनापति पूर्णचन्द्र थापा र बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले सैनिक सन्ततिलाई प्रभु बैंकद्वारा स्वीकृत प्राविधिक शिक्षण सहुलियत कर्जाको चेक संयुक्त रूपमा हस्तान्तरण गरेर सहुलियत कर्जा ०७५ कार्यान्वयनको शुभारम्भ गरेका छन् ।

सम्झौताअनुसार सैनिक कल्याणकारी कोषको सिफारिसमा बहालवाला तथा अवकाशप्राप्त सैनिकका छोराछोरीलाई स्वदेश तथा विदेशमा प्राविधिक विषयअन्तर्गत चिकित्साशास्त्र, इन्जिनियरिङ, सूचना प्रविधि, कृषि र पशु विज्ञान तथा वन विज्ञान संकायमा स्नातक वा सोभन्दा माथिल्लो तहको शिक्षा हासिल गर्न प्रभु बैंकले आवश्यक प्रक्रिया पूरा गरी सहुलियत रूपमा शैक्षिक कर्जा सुविधा उपलब्ध गराउनेछ । शैक्षिक कर्जा सुविधा रकम अधिकतम २५ लाख रूपैयाँसम्म हुनेछ । शैक्षिक कर्जा सुविधा बैंकको सबै शाखाबाट उपलब्ध हुने बैंकले जनाएको छ ।

### रेमिट्याप डिजिटल वालेट रेमिट्यान्स सेवाको शुभारम्भ

माछापुच्छ्रे बैंक, टाइम्स रेमिट र एएमभी टेल कम्पनीबीच 'रेमिट्याप' मोबाइल वालेट सेवा सञ्चालनसम्बन्धी त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतासँगै २५ चैतमा पत्रकार सम्मेलन गरी सेवा शुभारम्भ भएको जानकारी पनि दिइएको छ । रेमिट्याप मोबाइल वालेट नेपालमा सुरु गरिएको पहिलो ३ सय ६० डिग्री इ-रेमिट्यान्स तथा इ-पेमेन्ट माध्यम रहेको बैंकले दाबी गरेको छ । जसको प्रयोग गरेर छिटो, सस्तो र सहज तरिकाले रेमिट्यान्स पठाउन सकिने पनि बैंकले जानकारी दिएको छ । यो मोबाइल वालेट रेमिट्यान्स पठाउन मात्र नभई बैंकका ग्राहक र सर्वसाधरणले पनि प्रयोग गर्न सक्ने बताइएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत सुमन शर्माले 'रेमिट्याप' वालेटबाट विशेषगरी विदेशमा रहेका नेपाली लाभान्वित हुने विश्वास व्यक्त गरे । एएमभी टेलका प्रबन्ध निर्देशक अनिल शर्माले सहज र सस्तो मूल्यमै तुरुन्त आफ्ना परिवारजनको बैंक खाता वा वालेटमा पैसा पठाउन मिल्ने सुविधा रहेको भन्दै त्यस्तो पैसा नेपालको १० हजार स्थानबाट झिक्न सकिने व्यवस्था रहेको बताए ।

### आँखा अस्पताललाई सिद्धार्थ बैंकको सहयोग

नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको ४५औँ वार्षिकोत्सवको उपलक्ष्यमा सिद्धार्थ बैंकले अस्पताललाई ३ लाख ७५ हजार रूपैयाँ उपलब्ध गराएको छ । सहयोग रकम एक सय ५० जना मोतियाबिन्दु रोगीको उपचारका लागि प्रदान गरिएको बैंकले जनाएको छ । आगामी दिनमा पनि यस्ता सामाजिक कार्यक्रममा निरन्तर सहभागिता जनाउँदै जाने पनि बैंकले जानकारी दिएको छ । बैंकले देशभर ४ एक्स्टेन्सन काउन्टरसहित १ सय ४९ वटा शाखा, १ सय शाखारहित बैंकिङ सेवा, १ सय ६० एटिएम र १ हजार २ सयभन्दा बढी पिओएस मेसिनमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

### कुमारी बैंक र स्पार्क हेल्थ होमबीच सम्झौता

ग्राहकलाई स्वदेशमै गुणस्तरीय स्वास्थोपचारमा सहुलियत दिने उद्देश्यले कुमारी बैंक लिमिटेड र स्पार्क हेल्थ होम प्राइभेट लिमिटेडबीच स्वास्थ्य सेवामा छुटसम्बन्धी सम्झौता भएको छ ।

सम्झौतापत्रमा कुमारी बैंकका नायब प्रमुख कार्यकारी अधिकृत राजीव गिरी र स्पार्क हेल्थ होमका प्रबन्धक निर्देशक हरिशरण रिजालले हस्ताक्षर गरे । सम्झौताअनुसार स्पार्क हेल्थ होमका विभिन्न स्वास्थोपचार सेवाशुल्कमा कुमारी बैंकका डेबिट तथा क्रेडिट कार्डबाहकले १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् । कुमारी बैंक लिमिटेडका ग्राहकले डेबिट-क्रेडिट कार्डको प्रयोग गरी बैंकको नयाँदिल्लीस्थित मेदान्त हस्पिटलसहित नेपालका विभिन्न स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

## रंगीन खबर

### प्रचारमा दाल भात तरकारी

हास्यकथानक फिल्म दाल भात तरकारी युनिटले मोफसल यात्रा सुरु गरेको छ । वैशाख २० मा प्रदर्शन हुने फिल्मबारे दर्शकलाई प्रत्यक्ष जानकारी दिन




कलाकारको टोलीसहित मोफसलका विभिन्न स्थानमा पुग्न लागेको निर्देशक सुदन केसीले जानकारी दिएका छन् । हास्यअभिनेता किरण केसीको प्रस्तुति रहेको फिल्मको युनिटले आइतबारदेखि यात्रा थालेको हो । निर्देशक सुदनका अनुसार उनको फिल्मका कलाकारले २५ चैतमा बिर्तामोड, २६ गते दमक, २७ गते इटहरी, २८ गते हेटौँडा, २९ गते चितवन, ३० गते बुटवल, १ वैशाखमा नेपालगन्ज, २ वैशाखमा दाङ र ४ वैशाखमा पोखरामा कन्सर्ट गर्नेछन् ।

मोफसल यात्रामा हरिवंश आचार्य, किरण केसी, शिवहरि पौडेल, आँचल शर्मा, गायिका जुनु रिजाललगायत सहभागी भएका छन् । दर्शकसँग प्रत्यक्ष भलाकुसारी गरेर माहोल तताउनका लागि यात्रामा निस्किएको प्रस्तुतकर्ता किरण बताउँछन् । हरिवंश आचार्यले स्क्रिप्ट लेखेको फिल्ममा हरिवंश स्वयं, निरुता सिंह, वर्षा राउत, राजाराम पौडेल, प्रियंका कार्की, विल्सनविक्रम राई, यमन श्रेष्ठलगायतले अभिनय गरेका छन् । दीर्घ गुरूङले खिचेको फिल्मको निर्मातामा रमिला आचार्य, यमन श्रेष्ठ, शिवहरि पौडेललगायत छन् ।

### छन्देले गीत बजारमा



हास्यकलाकार तथा गायक गोपाल ढकाल 'छन्दे'ले किनकि म नेपाली बोलको नयाँ गीत गाएका छन् । दामोदर गौतमले लेखेको गीतमा दामोदर स्वयं र ओम सुनारको संगीत छ । विभिन्न फिल्म तथा टेलिफिल्ममा अभिनय गरेका गोपालले यसअघि फूलमा माहुरी माया नलाई कहाँ जान्छ्यौ ए फ्याउरी, उडायो रेलैले, ठाडो कपाल तोरीको तेलैलेलगायतका हास्यरसयुक्त गीत गाएका छन् । नेपालीपन झल्किने रमाइलो गीत बनाउने चाहनाले किनकि म नेपाली जन्मिएको उनी बताउँछन् । उनले यो गीत निकै मनोरञ्जक भएको दाबी गरेका छन् । गोपालले गीतको भिडियो केही समयमै दर्शकमाझ ल्याइने जानकारी दिएका छन् ।

### सकियो मानवअधिकार फिल्म महोत्सव

मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०१९ आइतबार राजधानीमा सम्पन्न भएको छ । मानवअधिकार चलचित्र केन्द्रले आयोजना गरेको महोत्सवमा वेन रेन्डाल निर्देशित अस्ट्रेलियन फिल्म सिस्टर्स फर सेल उत्कृष्ट घोषित भयो । सातौँ संस्करणको महोत्सवमा फिक्सन फिल्मतर्फ फ्रान्सको कार्गो उत्कृष्ट ठहरियो । उत्कृष्ट राष्ट्रिय फिक्सन फिल्मको अवार्ड भने तटिनीले प्राप्त गऱ्यो । त्यसैगरी, दीपक तोलांगे निर्देशित टहराले उत्कृष्ट वृत्तचित्रको अवार्ड जित्यो । उत्कृष्ट महिला निर्देशकतर्फ डोल्पा डायरीका लागि प्रसुना डंगोल उत्कृष्ट घोषित भइन् । त्यसैगरी, जर्मनीका मार्क मिकेललको सेन्ड गर्लले जुरी स्पेसल मेन्सन अवार्ड पायो भने थ्री स्टोलन क्यामेराजले जुनी अवार्ड प्राप्त गऱ्यो । महोत्सवमा मानवअधिकारका विषयमा बनेका ३३ देशका लघु, फिचर तथा एनिमेसन गरी ८२ वटा फिल्म प्रदर्शन गरिएको थियो । महोत्सवको निर्णायकमा रसियन फिल्म मेकर लिया गिल्मुटडिनोभा, कोरियन फिल्म समीक्षक चाङ सेवक योङ, मलेसियाका आना हर मेई योक र नेपालका फिल्म समीक्षक अनुप सुवेदी थिए । महोत्सवमा उत्कृष्ट स्वदेशी तथा विदेशी फिल्मलाई ५०-५० हजार रूपैयाँ पुरस्कार प्रदान गरिएको थियो ।

### मिस नेसनल आइकनमा १६ सुन्दरी

दोस्रो मिस नेसनल आइकन-०१९ को पहिलो अडिसन सम्पन्न भएको



छ । अडिसनबाट १६ युवती फाइनल प्रतिस्पर्धाका लागि छानिएको प्रतियोगिता आयोजक ब्राइट इन्टरटेनमेन्टले जनाएको छ । पहिलो मिस नेसनल आइकनका शीर्ष विजेतालाई आयोजकले कार उपहार दिएको थियो । यसपालिको शीर्ष विजेतालाई २६ लाख रुपैयाबराबरको ड्याट्सन कार उपहार दिइने आयोजक संस्थाका अध्यक्ष तथा संगीतकार धनीराम राईले बताएका छन् । प्रतियोगिताका लागि समृद्धि कार्की, कल्पना राई, नेहा मिश्र, आकांक्षा श्रेष्ठ, सोफी लिम्बू, मञ्जना राई, पूजा घले, देविका राई, स्नेहा कार्की, रञ्जना राई, देवी मगर, अनिशा राई, मुनाकुमारी राई, हिरा थापामगर र ऐश्वर्या राई छनोट भएको बताइएको छ ।

## संवैधानिक...

उल्लंघन गरेको छ । राप्रपाले केही महिना अगाडि नै आफ्ना माग केपी ओली नेतृत्वको सरकारलाई बुझाएको र त्यही मागलाई सम्बोधन गराउन विरोध प्रदर्शनका कार्यक्रमहरू गर्दै आएकोमा शान्तिपूर्ण जुलुसमा लाठी प्रहार गरी नेता तथा कार्यकर्ताहरूलाई घाइते मात्र बनाएनन् राप्रपाका अध्यक्ष कमल थापासहितका अन्य नेताहरूलाई प्रहरीले नियन्त्रणमा लिएर कार्यक्रम नै विथोल्ने प्रयास गरेपनि कार्याकर्ताहरूको विरोधका कारण कार्यक्रम सफलतापूर्वक सञ्चालन भएको थियो ।

प्रहरी हस्तक्षेपका विरोध गर्दै राप्रपाले सोमबार एक विज्ञप्ति नै जारी गर्दै भनेको छ देशव्यापी जनसंघर्षका धर्ना कार्यक्रम भइरहेका बेला प्रहरीले दमन गरेको उल्लेख गरेको छ । हिन्दु राष्ट्र पुन स्थापना राष्ट्र, राष्ट्रिय अखण्डताको रक्षा, भ्रष्टाचार नियन्त्रण चर्को मूल्यबृद्धिको नियन्त्रणको माग राखी शान्तिपूर्ण धर्ना कार्यक्रममा व्यापक प्रशासनीक दमनको राप्रपाले निन्दा एवं भर्त्सना समेत गरेको छ । प्रशासनबाट अन्धाधुन्ध लाठी चार्ज, अश्रुग्याँस प्रहार गरी भएको निर्मम दमनले गर्दा कम्युनिष्ट पार्टी नेतृत्वको केपी ओलीको सरकारको निरंकुश चरित्र उदाङ्गो भएको राप्रपाको ठहर रहेको छ । राप्रपाले सरकारलाई बुझाएको २२ बुँदे मागलाई कार्यान्वयन गर्न दबाब दिने उदेश्यले धर्ना प्रर्दशन कार्यक्रम घोषणा गरी त्यसै अनुरूप विरोधका कार्यक्रमहरू गर्दै आएकोमा सरकारले निरंकुश चरित्र देखाएर शान्तिपूर्ण रूपमा रहेको धर्ना कार्यक्रममा प्रहरी दमन गरिनु लोकतन्त्रकै उपहास हो । चैत्र २५ गते राप्रपाले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा विरोध प्रदर्शन गर्दै धर्ना कार्यक्रम गरेका छ । एकातिर मुलुक टुक्र्याउने अभिव्यक्ति दिने व्यक्तिलाई अंकमाल गर्नु अनि अर्कोतिर संविधानले दिएको अधिकारको प्रयोग गर्दा शान्तिपूर्ण जुलुस, धर्ना कार्यक्रममाथि प्रहरी दमन गरिनु किमार्थ उचित हुन सक्दैन । संविधानले दिएको अधिकार सम्पूर्ण नेपाली जनताले प्रयोग गर्न पाउनु जनताको नैसर्गिक अधिकार समेत हो । सरकारले देखाएको यस्तो दमनकारी नीतिको विरूद्ध जनता विस्तारै सडकमा आउने वातावरण स्वयम् सरकारले नै निर्णय गर्न लागेको आरोप राजनैतिक दलका नेताहरूले नै लगाउन थालेका छन् ।

## खोक्रो...

कार्यालयहरूले जन्मका आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता प्रदान गर्न थालेका थिए ।

गृह मन्त्रालयको परिपत्रको कार्यान्वयन नगर्न अन्तरिम आदेशको माग गर्दै वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेले सरकारलाई विपक्षी बनाई सर्बोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिट माथि सुनुवाई गर्दै सर्बोच्चले गृहको पत्र यथास्थितिमा राख्न र मुद्दाका पक्ष र विपक्षलाई बैशाख ३ गते छलफलका लागि सर्बोच्च अदालतमा बोलाएको छ । वरिष्ठ अधिवक्ता नेउपानेले संघीय संसदमा नागरिकता विधेयक छलफलकै क्रममा रहेको अवस्थामा गृह मन्त्रालयले एउटा पत्रमार्फत नागरिकत वितरण गर्न खुल्ला गरेकोले त्यसलाई रोक्न माग गर्दै सर्बोच्च अदालतमा रिट दायर गरेका थिए ।

हालसम्मको हाम्रो अभ्यासले जन्मका आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई समेत अंगीकृत नागरिकता प्रदान गरिँदै आएकोमा केपी ओली नेतृत्वको कम्युनिष्ट पार्टीकोसरकारले जन्मका आधरमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई बंशजको आधारमा नेपाली नागरिकता दिने निर्णय गैरकानुनी मात्र होइन राष्ट्रघाती समेत रहेका छन् । नेपालमा विभिन्न मुलुकमा नागरिकहरू आएर बसोबास गरेका छन् । उनीहरूका सन्तान नेपालमै जन्मिएका भएपनि उनीहरूले हामी नेपालीले मात्र पाउँदै आएको वंशजको आधारको नागरिकता उनीहरूले पाउनु हुँदैन । यदि त्यसो भएमा केही वर्षपछि हामी नेपालीहरू नै आफ्नो मुलुकमा अल्पमतमा पर्ने निश्चित रहेको छ । जन्मका आधारमा नागरिकता लिएको व्यक्तिका सन्तानलाई वंशजनको आधारमा नागरिकता दिने निर्णयले गर्दा प्रधानमन्त्री केपी ओलीको राष्ट्रवाद सत्ता हत्याउने दाऊ र खोक्रो राष्ट्रवाद भएको के प्रमाणित हुँदैन र ?

## संवैधानिक आयोगहरू...

अहिलेसम्म दलित र महिला र आदिवासी तथा जनजाति आयोगमा अध्यक्षसमेत नियुक्त गर्न सरकारले सकेको छैन । भने अन्य आयोगमा समेत सरकारले राजनीतिक व्यक्तिहरूलाई नियुक्त गरेको छ । आयोगहरूलाई राजनीतिक भर्ति केन्द्रका रूपमा राख्न खोज्दा सम्वैधानिक आयोगहरूको भूमिकामाथि नै प्रश्न चिन्ह खडा भएको छ ।

अन्य आयोगजस्तै मानवअधिकार आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा सचिवको नेतृत्व प्रशासनिक व्यवस्था रहेकोमा पछिल्लो समयमा गठन गरिएका विभिन्न आयोगमा सहसचिवको नेतृत्वमा प्रशासनिक नेतृत्व रहने व्यवस्था ऐन नै संशोधन गरी गरिएको हुनाले आयोगहरू स्वतः कमजोर रहने भएका छन् । सम्वैधानिक आयोगमा सचिवको नेतृत्वमा प्रशासनिक संरचना रहने तर पछिल्लो पटक गठन भएका आयोगहरूमा सहसचिवको नेतृत्व रहने व्यवस्थाले गर्दा आयोगहरू कमजारे रहने प्रशानविद्हरूको भनाई रहेको छ । सरकारले आयोगहरूलाई प्रर्याप्त बजेट दिएपनि देखिने गरी कुनै आयोगले काम गर्न सकेका छैनन् । दलित मुस्लिम आयोग २०७२ देखि गतिविहिन अवस्थामा रहेका छन् । महिला आयोग लगायतका केही आयोगहरूले प्रभावकारी भूमिका निभाउन नसकेका हुनाले त्यस्ता आयोगहरूको औचित्य माथि नै प्रश्न उठ्न थालेको छ । सरकारले प्रत्येक नयाँ आयोगलाई साढे २ करोडको हाराहारीमा बजेट छुट्याएको छ तर काम हुन सकेको छैन ।

सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्षमा बालानन्द शर्मा, राष्ट्रिय समावेशी आयोगको अध्यक्षमा डा. शान्तराज सुवेदी, मधेशी आयोगको अध्यक्षमा विजयकुमार दत्त, थारू आयोगको अध्यक्षमा विराम प्रसाद चौधरी र मुस्लिम आयोगको अध्यक्षमा समिम मियाँ अन्सारीलाई नियुक्त गरेको भएपनि अन्सारीविवादको घेरामा तानिएका छन् । उनको शैक्षिक योग्यता र नागरिकताको विषयमा प्रश्न उठेपछि संसदीय सुनुवाई समितिले सुनुवाई नै गर्न सकेको थिएन, त्यस विषयमा नेकपाभित्रै विवाद उत्पन्न भएको थियो । अन्सारीको शैक्षिक योग्यता र नागरिकताको विषयमासंसदीय सुनुवाईसमितिमा उजुरी परेपनि संसदीय सुनुवाई समितिको अकर्मण्यताका कारण सुनुवाई नै नभई उनलाई सरकारले अध्यक्षमा नियुक्त गरेको थियो । यसरी संसदीय सुनुवाई समिति नै अनिर्णयको बन्दी बन्ने गरेको र राजनीतिक व्यक्तिहरूलाई आयोगको पदाधिकारीमा नियुक्ति गर्ने सरकारको कदमले सम्वैधानिक आयोगहरूमाथि प्रश्न चिन्ह खडा भएको छ । लोकतन्त्रको विशेषता भनेकै समावेशिता भएपनि त्यसलाई ध्वज्जी उडाउने काम राजनीतिक दल र सरकारबाट नै भएकाले त्यस्ता आयोगहरू आयोगमै सिमति हुन सक्ने सम्भावना बढेर गएको छ ।

## मुलुक...

अधिवक्तारूले नै बताएका छन् । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार सरकार सञ्चालन नभएको र सरकारले दुई तिहाईको दम्भ बोकेर प्रायसबै क्षेत्रमा हस्तक्षेप बढाएको आरोप सरकारमाथि लाग्दै आएकोमा त्यसलाई सुधार गर्नुको बदला सरकार एकपछि अर्को गल्ती गर्दै अघि बढिरहेको छ । सम्वैधानिक निकायहरू, आयोगहरू स्वतन्त्र हुनुपर्नेमा हालै सरकारले केही आयोगमा गरेका नियुक्तिहरू लाई हेर्दा लाग्छ सम्वैधानिक निकायहरू सत्ताधारी दलका समर्थकहरूलाई नियुक्त गर्ने अखडा मात्र बनेका छन् । सत्ताधारी दलका कार्यकर्ताहरूलाई त्यस्ता आयोगहरूमा नियुक्त गरिएको हुनाले त्यस्ता आयोगहरूले स्वतन्त्र रूपमा काम गर्न सक्ने कुनै सम्भावना देखिएको छैन । पछिल्लो समयमा निर्वाचन आयोगको प्रमुख आयुक्तमा अवकाश हुन एक महिनामात्र बाँकी रहेका सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयका सचिव दिनेश थपलियालाई सम्वैधानिक परिषद्ले प्रमुख अयुक्त पदमा सिफारिस गरेको छ । अहिले उनको संसदीय सुनुवाई हुने चरणमा रहेको छ । संसद अर्न्तगत रहेको संसदीय सुनुवाईसमितिमा समेत सत्ताधारी दलको बहुमत रहेकोले सत्ताले चाहेका व्यक्तिलाई योग्य घोषणा गर्ने र नचाहेका व्यक्तिलाई अयोग्य घोषणा गर्ने परिपार्टी बसालिएको छ । त्यसको पछिल्लो परिणाम हो सर्बोच्च अदालतका न्यायाधिश दीपक जोशी । जोशीमाथि लगाइएका आरोपहरूको कुनै छानविन नै नगरी उनीमाथि संसदीय सुनुवाई समितिले अन्याय गरेको हुनाले संसदीय सुनुवाई समिति समेत सरकारको रवर स्ट्याम्प बनेको छ ।

प्रधानमन्त्री केपी ओली अध्यक्ष रहेको पार्टीभित्रै एक मत नरहेकोले प्रधानमन्त्री ओलीको आलोचना पार्टीभित्रैबाट हुने गरेको छ । तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रबीच एकता भएको झण्डै एक वर्ष पुग्न लाग्दा समेत पार्टीका तल्लो तहमा एकता हुन सकेको छैन भने पार्टीभित्र गुट उपगुट रहेका र नेकपाको आउँदो महाविधेशनबाट अध्यक्ष पद हट्त्याउने खेल अहिले देखि नै सुरू भएकाले त्यसको प्रंत्यक्ष असर सरकार सञ्चालनमासमेत परेको छ । पार्टीभित्र अहिले नेकपाका वरिष्ठ नेताहरू पिच्छेकै गुट उपगुट रहेका छन्, एउटा गुटले अर्को गुटलाई देखि सहन सक्ने अवस्था छैन, त्यसैको परिणाम स्वरूप माधव नेपालले जिल्ला तहमा बेग्लै जिल्ला कमिटीहरू निर्माण गर्ने धम्की पार्टीका अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाललाई दिँदै आएका छन् । नेकपा एमाले र माओवादी केन्द्रबीच एकता भएपनि अहिलेसम्म दुवै पार्टीमा रहेका व्यक्तिहरूको भावनात्मक एकतना हुन नसकेका हुनाले त्यसको प्रत्यक्ष असर सरकार सञ्चालनमा देखिएको छ ।

विभिन्न राजनीतिक दलहरूले आ आफ्ना माग राखी आन्दोलनको घोषणा गरी रहेका छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टी केही महिनादेखि आन्दोलित भएको छ अब राजपाले समेत आन्दोलन गर्ने घोषणा गरिसकेको अवस्थामा सरकारले उनीहरूले प्रसतुत गरेका जायज मागहरू पूरा गर्नुको बदला उनीहरूमाथि अश्रृग्याँस र लाठी बसाईएको छ के यही हो लोकतन्त्र प्रधानमन्त्री ज्यु ! संविधानले दिएको अधिकार प्रयोग गर्न पाउनु जनताको नैसर्गिक अधिकार हो । जनताले चाहेको खण्डमा संविधानले अपरिवर्तनीय भनेका राष्ट्र, राष्ट्रिय अखण्डता र जनतामा निहित सार्वभौमसत्ता बाहेक अन्य सबै विषय परिवर्तन गर्न सक्छन् त्यसमा तपाईलाई सोधिरहनु पर्ने आवश्यक छैन । संविधानले दिएको अधिकार प्रयोग गर्न तपाईले रोक्न सक्ने कुनै आधार नभएको र संविधानले नै जनताले विना हातहतियार नारा जुलुस गर्न, भेला हुन र आफ्ना कुरा राख्न पाउने अधिकार दिएको हुनाले अब जनतामाथि लाठी प्रहार गर्नुभन्दा आफ्नो सरकारको आनीबानीमा सुधार गरी सबै नेपाली जनताको सरकार बन्ने प्रयास गर्नुनै तपाईको पार्टी र तपाईको हितमा हुनेछ । प्रधानमन्त्री बनेपछि तपाई मुलुकको अभिभावको भूमिकामा रहनुपर्ने विश्वव्यापी सिद्धान्त हो आफैँ विचार गर्नुहोस् के अहिले तपाईले अभिभावको भूमिका निभाउनुभएको छ त ? कार्यकारी प्रधानमन्त्री भएको नाताले सरकारले गरेका सबै निर्णयको जस अपजसको भारी तपाईले बोक्नुपर्दछ । मन्त्रीहरू भनेका तपाईका सहयोगीमात्र हुन् त्यसैले मन्त्रीहरूले गर्ने निर्णयहरूमा समेत तत्काल लगाम लगाउनु आवश्यक छ ।

## सांसद...

अहिले उनी प्रधानमन्त्रीले धोका दिए भन्दै आफ्ना शुभचिन्तकहरूलाई सुनाउने गरेका छन् ।

अब नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेड गाभेर बन्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनी बनाउने निर्णय गरी अनुमोदनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पठाएको छ । अब मन्त्रिपरिषद्ले स्वीकृत दिएपछि दुवै संस्थालाई कम्पनी ऐन अर्न्तगत दर्ता गरिने भएको छ । संस्थाको कुल अधिकृत पुँजी ३० अर्बको हुने र जारी पुँजी २० अर्बको हुनेछ । चुक्ता पुँजीको रूपमा खाद्य संस्थानको ९९ सय करोड रूपैँया रहने र नेशनल ट्रेडिङ गाभिएपछि एक अर्ब १६ करोड रूपैँया बृद्धि हुने भएको छ । सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनी दर्ता गरेर नेपाली जनतालाई सरकारी स्तरबाटै सर्वसुलभ रूपमा खाद्य पदार्थहरू विक्रि वितरण गर्न साते प्रदेशमा कार्यालय खोल्ने योजना समेत बनाएको छ । निजी क्षेत्रले बढी फाइदा खोज्ने भएकाले सांसद दुगडको मागलाई अस्वीकार गर्दै ओली सरकारले जनतालाई लुटिनबाट बचाएको छ ।

## प्रधानमन्त्रीलाई...

हुन लागेको खाद्य व्यापार कम्पनी समेत हडप्ने उदेश्य राखेर प्रधानमन्त्रीलाई गुमराहमा राख्ने प्रयास गरेका थिए । अर्थ मन्त्रालयका केही उच्च तहका पदाधिकारी र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का उच्च तहका पदाधिकारीलाई समेत प्रभावमा पारी जग्गा हडप्ने दाऊमा रहेका दुगडको सपना अधुरो रहने निश्चित भएपछि उनी प्रधानमन्त्रीसँग रूष्ट हुँदै गएको सूत्रले दाबी गरेको छ । प्रधानमन्त्रीले आफूलाई व्यापारीहरूले झुक्याएको उद्घोष गरेपछि प्रधानमन्त्रीको निरिहता समेत प्रकट भएको छ । आफूलाई झुक्याउने व्यापारीहरूलाई कारबाही गर्न नसक्नुको पछाडिको रहस्य के छ प्रधानमन्त्री ज्यु !


रोजगारीका लागि गरिने
विज्ञापन वैदेशिक रोजगार
विभागबाट स्वीकृति प्राप्त गरेका
विज्ञापनलाई मात्र विश्वास गरौ
र ठगीबाट जोगिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग





सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyan.weekly@yahoo.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार